किसानका खबर, किसानकै कुरा

# कृषिपत्र

प्रदेश नं. ५ को पहिलो पाक्षिक कृषि खबर पत्रिका



कृषि क्षेत्रका पल पलको जानकारीका लागि

www.Krishipatra.com

लगअन गर्नुहोस् ।

कृषि सम्बन्धी कुनैपनि जानकारी, विज्ञापन, सूचना, समाचार वा लेख रचना छन् भने हामीलाई सम्झनुहोला।

सम्पर्क

फोनः ९८११४४०१८९,

ईमेलः krishipatra@gmail.com

कृषिपत्र पाक्षिक खबर पत्रिका

प्रधान कार्यालय, बुटवल-६ गुरुद्वारापथ ट्राफिक चौक बुटवल, रूपन्देही।



www.Krishipatra.com वर्ष १ । अंक ११। १६ भदौ देखि ३१ भदौ २०७६ । 2 september - 17september 2019 । पृष्ठ संख्या ८ । मूल्य रु. १०।-


## एउटा प्रयास:

# बुटवल देखि लुम्बिनी 'पुष्प सिटी'

**कृषि पत्र खबरकर्मी**
बुटवल

प्रदेश नम्बर ५ सरकारले अहिले लुम्बिनी भ्रमण बर्ष २०७६ मनाइरहेको छ। भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनी रूपन्देहीको लुम्बिनी सास्कृतीक नगरपालिकामा पर्दछ। सोही क्रममा लुम्बिनी आउने पर्यटकहरूलाई लक्षित गरेर बुटवल देखि लुम्बिनी सम्म सडक किनाराम फुल रोपेर फुल सिटीको रूपमा विकास गर्न रूपन्देहीका पुष्पव्यवसायीहरू लागिपरेका छन्। यसको लागि स्थानिय तहले समेत साथ दिएको छ। भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीको प्रवेशद्धारको रूपमा रहेको बुटवल र तिलोत्तमा








नगरपालिकाका सडक किनारामा अहिले धमाधाम पुष्प खेती भैरहेको छ। लुम्बिनी पुष्प व्यवसायी संघको अगुवाईमा स्थानिय आमा समुह, टोल विकास संस्था, बुटवल उपमानगरपालिका र तिलोत्तमा नगरपालिकाको सहयोगमा बुटवल-भैरहवा सडक खण्डका दुबै किनाराहरूमा अहिले फुल खेती भैरहेको छ।

यसको लागि स्थानिय टोल विकास संस्था, महिला समुहरू नै लागिपरेका छन्। खासगरी दशैं तिहारको लागि फुल आयात केही प्रतिशत सम्म रोक्नको लागि भएपनि सडक किनारामा पुष्प खेती प्रर्दशनी समेत आयोजना गर्ने तयारी गरिएको बुटवल उपमहानगरपालिका वडा नम्बर १० का अध्यक्ष पदम बहदुर थापा बताउँनुहुन्छ। अहिले पछिल्लो समयमा भारतबाट दशैं तिहारको मौसम लगायत अन्य सिजनमा समेत करोडौ रूपैयाँको फुल आयात हुँदै आएको भन्दै वडाअध्यक्ष थापाले यसमा व्यवसायीक खेती भन्दा पनि एउटा सन्देशको रूपमा फुल खेतीको रूपमा बुटवल वडा नम्बर ९, १० र ११ का सिक्स लेन सडकमा पुष्प खेती गरिएको जानकारी दिनुभयो। सडक किनारामा पुष्प खेती गरि एउटा सन्देश प्रदान गर्नुपर्छ भन्ने अभियान थालनी गरेका लुम्बिनी पुष्प व्यवसायी संघका अध्यक्ष समेत रहेका लुम्बिनी नर्सरीका सञ्चालक तथा अभियान्ता रमेश पाण्डेले युवा वर्गहरूको पुष्प खेतीमा लगाव बढ्दै जानुपर्ने बताउनुहुन्छ। खासगरी लुम्बिनीको प्रवेशद्धारको रूपमा रहेको बुटवल देखि लुम्बिनी सम्मका सडक किनारामा पुष्प खेती गरी विश्वमा नै शान्तीको शन्देश फैलाउने उदेश्यका साथ यो अभियानको थालानी गरिएको उहाँको भनाई छ। बुटवलको राजमार्ग चौरहा देखि योगीकुटी सम्म बुटवल उपमहानगरपालिकाका सहयोगमा अहिले सडक पुष्प प्रर्दशनीको लागि विभिन्न प्रजातीका पुष्पवृक्षहरू रोपण गरिएको छ। यसरी रोपण गरिएको पुष्प खेती हेर्नको लागि देशका विभिन्न स्थानबाट अवलोकन कर्ताहरू समेत आउने गरेका छन्। भारतबाट ठूलो मात्रामा वर्षेनि फूल आयत भइरहँदा सडक किनारामा फूल उत्पादन गरेर केही हदसम्म त्यसलाई रोक्ने प्रदेश ५ ले लक्ष्य राखेको छ।यति बेला त्यहाँका स्थानीयहरू निकै हर्षित छन्। उनीहरू हातमा कुटो, कोदालो र फूलको विरुवा लिएर सडकमा निस्किएका छन्। सबैको एउटै उद्धेश्य रहेको छ 'दशौतिहार जस्ता चाडपर्वमा सडकभरी फूल फूलाउने'।

त्यसो त भ्रमण वर्ष २०२० पनि नजिकिँदै छ। गौतमबुद्धको जन्मभूमि लुम्विनी पनि यसै प्रदेशमा पर्छ। पर्यटकको आगमनमा टेवा पुऱ्याउने हिसाबले पनि उनीहरू सडकलाई फूलमय बनाउन लागि परेका छन्।प्रदेश नम्बर ५ लाई फूलै–फूलको प्रदेशका रूपमा चिनाउने स्थानीयको उद्धेश्य रहेको छ।

सो प्रदेशमा तराई र पहाड दुवै भूभाग भएकाले बाह्रै महिना फूल फुलाउन सकिने पुष्प व्यवसायी संघका प्रदेश संयोजक तथा लुम्विनी नर्सरी सञ्चालक रमेश पाण्डेले जानकारी दिनुभयो। 'गर्मीमा पहाडी भेगमा र जाडोमा तराई भेगमा फूल फुलाउन सकिन्छ' उनले भने 'बाह्रै महिना फूल फुलाउन सक्यौ भने देशको माग पूरा गर्न सक्छौं, निकट भविष्यमा विदेशमा समेत निर्यात गर्न सफल बन्छौं'।

(बाकीँ ३ पेजमा )

## तिहारका लागि चर्ती फ्लोराले नेपालगञ्जमा सयपत्री फुल लगाउँदै

**कृषि पत्र खबरकर्मी**
नेपालगञ्ज

चर्ती फ्लोरा नेपालगञ्जले तिहारलाई लक्षित गरी सयपत्री फुल लगाउन शुरु गरेको छ। राँझामा ४ कठ्ठा जग्गामा कलकत्ते र दिल्ली भेराईटका आर्कषत्र सयपत्री फुलको बेर्ना लगाउन शुरु गरिएको प्रोपराईटर बिन्दु चर्तीमगरले बताईन। 'बुटवलबाट बेर्ना ल्याएर लगाउन शुरु गरेका छौं '- उहाले भन्नुभयो।

तिहारका लागि सयपत्री र अन्य पर्व, महोत्सवका लागि माला र बुकी बिक्री गर्ने उदेश्यले चर्ती फ्लोरा स्थापना गरिएको हो। सञ्चालक चर्तीमगर नेपालगञ्ज उद्योग वाणिज्य संघकी कार्यसमिति सदस्य हुन। लामो समयदेखि व्यवसायीक क्षेत्रमा रहेकी उनले तालिम लिएर यो काम थालेकी हुन।नेपालगञ्जमा माला र बुकी जस्ता फुल कमै पाईन्छ। लखनउ र काठमाण्डौंमा ल्याएर बेच्नुपर्ने बाध्यता छ। यही बजार सम्भावना देखेर नेपालगञ्जमा फ्लोरी कल्चरको व्यवसाय गर्ने क्रम बढेको छ। ■

## पाल्पामा पहिलो पटक मखमली र सयपत्री खेती

पाल्पा - पहिलो पटक पाल्पाको रामपुरमा एक युवाले व्यवसायिक फूल खेती शुरु गरेका छन्। बिस्तारै चाडपर्व नजिकिए संगै रामपुर नगरपालिका ४ का युवा दिल बहादुर थापाले फुल खेतीको शुरूवात गरेका हुन।

बजारमा प्लास्टिकका माला र बाहिरबाट ल्याउने फुलले बजार ढाक्ने गरेपछी यही खेती गरेर नयाँ, मौलिक र कम लगानीमा उपभोक्ताले गाउघरमा नै पाउने भएपछी राम्रो बिक्री हुने आशामा खेती सुरु गरेको थापाले सुनाउनुभयो। देवीस्थान र कासजरी क्षेत्रको झण्डै १ रोपनीमा अहिले व्यवसायिक फूल खेती सुरु गरिएको छ।

दशै तिहारमा बढी माग हुने मखमली र सयपत्री फूल रोपिएको छ। थापाले तालिम लिएकाले आफैले नर्सरी बनाएर फुल खेतीमा कस्सिएको बताउनुभयो। एक हप्ते व्यवसायिक पुष्पखेती, नर्सरी तथा बगैचा व्यवस्थापन सम्बन्धी तालिम लिएपछि तरकारी सहित फुल खेती गर्ने इच्छा जागेको उहाको भनाई छ। थापा पछिल्लो ३र४ बर्षदेखी व्यबसायिक तरकारी खेती गर्दै आउनुभएको छ। रामपुरको अगुवा किसानमा उहाँ गनिनुहुन्छ। उहाको सिको सिकाईमा रामपुर ४ कै स्थानीय उद्यमी कृषक महिला समुहले पनि फुलखेतीको शुरु गरेको छ। समुहमा आवद्ध रहेका १८ जना महिला समुहले थापाकै नर्सरीबाट बिरुवा लगेर १ रोपनी भन्दा बढी जग्गामा फूलखेती सुरु गरेको छ।

## व्यवसायिक कृषि गर्न रामपुरका महिलाको सन्देश

**सुशीला रेग्मी**
पाल्पा

कृषि तीज गीतका भाकामार्फत व्यावसायिक कृषिमा लाग्न पाल्पा रामपुरका महिलाहरूले सन्देश दिएका छन्। रामपुर स्थित विजयपुर कृषि सहकारी संस्थाले व्यावसायिक कृषिमा जोड दिदै आयोजना गरेको कृषिमा आधारित पाँचौ खुल्ला तीज गीत प्रतियोगितात्मक कार्यक्रम मार्फत महिलाहरूले गीतबाटै व्यावसायिक रूपमा कृषि गर्न आग्रह गरेका हुन्।

*खाली रहे पाखाबारी बाँझै भयो खेतवारी।*
*जोतौ खनौ खेतवारी लगाऊ तरकारी॥*
*रासायनिक मल होइन घरमै भैसी पालेर।*
*खेती हुन्छ गोवरको मल हालेर॥*

रामपुर नगरपालिकालाई कृषिमा अगाडी बढाउन, नयाँ नयाँ आधुनिक प्रबिधितर्फ कृषकलाई आकर्षित गर्न बिगत पाँच वर्ष अघि देखी सहकारीले खुल्ला तीजका भाकामा कृषि तीज गीत प्रतियोगिता आयोजना गर्दै आइरहेको छ।

कृषिलाई पनि व्यासायिकरण गर्दै आत्मनिर्भर बन्न महिलाहरू तीजका बेला गीतमार्फत अभिव्यक्ति दिदै आएका छन्। बेमौसमी तरकारी उत्पादन गरेर आयस्रोत बढाउन महिलाहरूले गीतमार्फत सबैलाई सुझाव दिएका छन्।



*चारैतिर डाँडाकाडा*
*हरियाली रामपुरफाँट।*
*कृषि क्षेत्र बनाउनलाई ठुलै भाछ आँट॥*
*रामपुरको फाँटमा धानको बाला झुलाउन।*
*काक्रा लौका टमाटर धेरै फलाउन॥*

पाल्पा रामपुरका महिलाहरूले कृषि भाकामार्फत गाएको यो गीतले धेरैलाई व्यावसायिक कृषिमा झकझक्याएको छ। गाउँमै कृषि व्यवसाय गरेर राम्रो कमाई गर्न सकिन्छ। यसरी समाजमा सकारात्मक सन्देश दिने खालका शब्दलाई समेटेर गाइएको कृषि तीजका गीतले धेरैको मन कृषिमा आकर्षित बनाएको छ।

बेमौसमी तरकारीले पुरै खेत भरौला।बन्दा काउली काक्रा धेरै लगाऊला॥
सिस्नोपानी असुरोलाई एक महिना कुहाएर।
बोटविरुवामा प्रयोग गरौं मिलाएर॥

प्रतियोगितामा प्रथम आत्मनिर्भर महिला कृषक समुह 'क', द्धित्तिय जनजागृती महिला कृषक समुह र विष्णु भट्टराईको समुह, तृत्तिय दियालो महिला उद्यमी कृषि सहकारी, सान्त्वना आत्मनिर्भर महिला कृषक समुह 'ख' भएका छन्।

(बाकीँ २ पेजमा)


हार्दिक मंगलमय शुभकामना

हिन्दु नेपाली नारीहरुको महान पर्व हरितालिका तीज–२०७६ को अवसरमा देश- विदेशमा रहनुभएका सम्पूर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकाना व्याक्त गर्दछौं।

कृष्ण खनाल
अध्यक्ष

तथा

कृषि पत्रकार समाज
प्रदेश ५ परिवार

**कृषि पत्रकार समाज नेपाल**
प्रदेश नं. ५ को सहकार्यमा प्रकाशित
**कृषि पत्र पाक्षिक कृषि खबर बुलेटीन**
का लागि

**सम्पादन मण्डल**

**प्रकाशक/सम्पादकः** कृष्ण प्रसाद खनाल
(९८४७००७६३५, कृषि जेटीए)

**संयोजकः** बसन्तराज बराल
**सह–संयोजकः**विकास पराजुली
**संवाददाताहरू** : बसन्त पौडेल, नविन घिमिरे, अनिता विश्वकर्मा, जीवराज चालिसे, सुशिला रेग्मी, खगेन्द्र दाहाल ।

**सल्लाहकारहरूः**
यमलाल भुषाल
विश्वास ढकाल
भगवती पाण्डे
मनोरञ्जन शर्मा
त्रिलोचन दाहाल (कृषि प्राबिधिक)

**प्रदेश ५ कार्यसमिति**
अध्यक्षः कृष्ण प्रसाद खनाल
उपाध्यक्षः खगेन्द्र दाहाल
उपाध्यक्षः मिना पाण्डे (अस्मिना )
सचिवः दिपक आचार्य
सह-सचिवः विकास पराजुली
कोषाध्यक्षः बसन्तराज बराल
सह-कोषाध्यक्षः भुवन पाण्डे
सदस्यहरूः अनिता विश्वकर्मा, बसन्त पौडेल, शुसिला रेग्मी, अर्जुन भुषाल, शुसिल नेपाल

**जिल्ला कार्यसमिति रुपन्देही**
अध्यक्षः कृष्ण प्रसाद खनाल
उपाध्यक्ष द्वयः भुवन पाण्डे र रेनुका गिरी
सचिवः विकास पराजुली
सह-सचिवः मिना पाण्डे (अस्मीना)
कोषाध्यक्षः बसन्तराज बराल
सदस्यहरूः झविन्द्र देवकोटा, मिना पौडेल, नविन घिमिरे, कपिल ज्ञवाली, गणेश बेल्बासे, दिनेश कुमार श्रेष्ठ, कपिल अधिकारी, आचार्य प्रदिप, हिक्मत चौधरी ।

**ठेगानाः**
बुटवल-६ ट्राफिकचोक रूपन्देही नेपाल
फोन नम्बरः , ९८५७०५२२३२, ९८५७०३२८२७,९८४७००७६३५
इमेल : krishipatra@gmail.com
वेव : www.krishipatra.com

# सम्पादकीय

## बाँजो जमिन नराखौं

कृषि कर्म सबैले गर्ने कर्म हो । अहिले उत्पादनशिल जमिन पनि यत्तिकै बाँजो जमिनको रूपमा परिणत भएका छन् । खासगरी किसानहरूले कृषि कर्मगर्ने परिपाटी कम हुँदै जाँदा उत्पादयोग्य जमिनहरु विस्तारै बाँजो जमिनमा परिणत हुदै गएका हुन । खासगरी वास्तविक कृषि कर्म गर्ने किसानहरु पाउन मुस्किल छ भने अर्को तर्फ उत्पादन योग्य जमिन खण्डीकरण गरि प्लटिङ्ग र घेडेरीमा परिणत भएका छन् ।

अर्को तर्फ खासगरी विदेश पलायन भएका युवा शक्तिले स्वादेशमा आएर उत्पादनशिल कार्यमा आफ्नो मन लगाउने भन्दा पनि घर घेडेरी जोड्ने कार्यमा मात्रै तल्लीन हुने गरेको पाइएको छ । विदेशमा बर्षभरी मिहिनेत गरेर कमाएको कमाई स्वदेशमा आएपछि उत्पादनशिल क्षेत्रमा, कृषि लगाउन सकेमा साच्चै नै कृषि क्षेत्रमा कार्यापलट हुनको लागि धेरै समय लाग्दैन । तर जानेबुझेको युवा शक्तिले तिनै जमिन खण्डीकरणमा लागेको पाईन्छ । यसबाट उद्यमशिलता विकास हुनु भन्दा पनि अलिकती बचेको जमिन पनि खण्डीकरण हुनेमा दुई मत छैन ।

त्यसकरण जमिनको खण्डीकरण भन्दा पनि यसको उचित सदुपयोगमा लाग्नु आवश्यक छ । किसानहरु जो साँच्चिकै कृषि क्षेत्रमा काम गर्न चाहानुहुन्छ उहाँहरुको लागि जमिन भाडमा उपलब्ध गराएर हुन्छ या के कसरी हुन्छ जमिन भएका जग्गा धनीहरुले प्रदान गर्नको लागि हिच्कीचाउनु हुदैन । किन भने केही हद सम्म भएपनि जमिनको उपयोग हुनुको साथै उद्यमशिलताको सृजना हुने गर्दछ । जसबाट युवा शक्ति पलायन हुन पाउदैन भने माटोले पनि उचित स्यहार पाउँछ । जुन उत्पादनशिल कार्यमा राम्रो हुन्छ । अवको योजना, आयोजनाहरु जमिन बाँजो राख्न नहुने तर्फ केन्द्रीत हुन आवश्यक रहेको छ ।

# धान खेतीमा मलखाद व्यवस्थापन

विवेक गौतम

बिरुवाको बृद्धि एवं विकासका लागि विभिन्न किसिमका पोषक तत्वको आवश्यकता पर्दछ। ती पोषक तत्वहरू बिरुवाले जराको माध्यमबाट माटोबाट लिने गर्दछ। बिरुवाको प्रकृतिअनुसार कुनै तत्व कम कुनै बढी मात्रमा चाहिन्छ। ती बढी मात्रमा चाहिने तत्वलाई मुख्य तत्व भनिन्छ र कम मात्रमा चाहिनेलाई सूक्ष्म पोषक तत्व भनिन्छ। स्वस्थ बिरुवा र राम्रो उत्पादनका लागि यी तत्व माटोमा हुनु जरुरी छ।

बाली लगाउनुपूर्व माटोको नमूना संकलन गरेर नजिकको कृषि कार्यालयमा लगेर माटो जा‘च गराउनु पर्छ। यसबाट माटोको उर्बराशक्ति पत्ता लगाउन सकिन्छ र सोको परिमाणअनुसार बिरुवाको जात हेरि सम्बन्धित निकायले सिफारिस गरेको मलखादको मात्रा मिलाई खेतमा प्रयोग गरेमा लगाइएको बालीबाट राम्रो मुनाफा लिन सकिने स्पष्ट देखिन्छ। धान नेपालको प्रमुख बाली हो। भौगोलिक भूबनोट र हावापानीको दृष्टिकोणले विविधता रहेको हाम्रो देशमा उष्ण गर्मी हुने तराईका फा‘टदेखि समशितोष्ण हावापानी भएका पहाडी भेगमा पनि धान खेती गरिदै आएको पाइन्छ।

तर धान खेती गरिएको क्षेत्र अनुसारको उत्पादन नभएको अ‘ाकडाहरूले देखाउ‘छन्। कम उत्पादनका विभिन्न कारणमध्ये मलको उचित व्यवस्थापन नहुनु पनि एक हो। किसानले बढ्दो रूपमा मलको प्रयोग गरे पनि उचित व्यवस्थापन नहुनाले त्यसको असर कम मात्र देखिन्छ। धानमा प्रयोग गरिने मलमध्ये नाइट्रोजन, फस्फोरस र पोटास तत्व उपलब्ध गराउने मलहरू महत्वपूर्ण मानिन्छन्।

**नाइट्रोजनको व्यवस्थापन**

धानलाई बेर्ना अवस्थादेखि लिएर पसाउने अवस्थासम्म नाइट्रोजनयुक्त मलको प्रयोग गर्नुपर्छ। त्यसकारण बालीमा नाइट्रोजनको कमी नहोस् भनेर विभिन्न जैविक एवं रासायनिक मलको रूपमा नाइट्रोजन खेतमा हाल्नुपर्छ। युरिया, डिएपिजस्ता रासायनिक मलहरू बढी प्रचलनमा छन्। धान खेतमा नाइट्रोजनयुक्त मल धानको जात हेरि निम्न समय र मात्रा मिलाई प्रयोग गर्नुपर्छ।

धान बालीमा प्रयोग गरिने मलको मात्रा

| | | | |
|---|---|---|---|
| जात | नाइट्रोजन | फस्फोरस | पोटास |
| उन्नत | १०० | ६० | ६० |
| स्थानीय | ७० | ३० | ३० |

धानमा राखेको नाइट्रोजन ४०५ खेर जाने हु‘दा यसको उपयोगिता बढाउनुपर्ने हुन्छ। नाइट्रोजनको उपायोगिता बढाउन निम्न कुरामा ध्यान दिनुपर्छ।

(१) उन्नत जातको धानहरू लगाउने (२) बिरुवाको अवस्था हेरि सिफारिस मात्रामा मल हल्ने (३) टप ड्रेसिङ (दोस्रो वा तेस्रो पटक मल छर्ने) गर्दा जरा नजिकै गर्न (४) प्रचण्ड गर्मीमा टप ड्रेसिङ नगर्ने, गर्मीमा नाइट्रोजन छिट्टै उडेर जन्छ। (५) पानी कटाएर मात्र मल हाल्ने

**फस्फोरसको व्यवस्थापन**

फस्फोरसयुक्त मलमा डिएपि प्रमुख हो। फस्फोरसयुक्त मल सिफरिस गरिएको मात्रामध्ये पूरै मात्रा रोपाइ‘ गर्दा वा रोपाइपूर्व जग्गाको तयारी गर्दा हाली माटोमा मिसाउनुपर्छ। फस्फोरसको प्रयोगले बिरूवालाई ढल्नबाट बचाउनुका साथै दानाको गुणस्तर बृद्धि गर्दछ।

**पोटासको व्यवस्थापन**

पोटासियमयुक्त मलहरूमा म्यूरेट अफ पोटास (ायउ) र सल्फेट अफ पोटास

(क्इए) हुन्। यी मललाई पनि फस्फोरसको जस्तै सिफारिस मात्रा लाई धान रोप्दा वा रोप्नुपूर्व एकैपटक हाल्नुपर्छ।

यी बाहेकका सूक्ष्म तत्वहरू जस्तै जस्ता, फलाम आदि पनि विगतका केही समयमा धान खेतमा कमी भएको पाइएको छ। जस्ताको कमीले धानमा खैरा रोग लागेको पाइन्छ। त्यस्तो अवस्थामा २०-२५ केजी जिङ्क सल्फेट प्रतिहेक्टर (१.५ बिगाह) का दरले धान खेतमा हाल्नुपर्छ। साथै फलामको कमी भएमा फेरस सल्फेट प्रति हेक्टर १५० केजीको दरले प्रयोग गर्नु पर्दछ।

तसर्थ माटोको जा‘च गराइ सिफारिस गरिएका उन्नत जातका धान एवं सिफारिस गरेअनुसार मलको उचित व्यवस्थापन गरे राम्रो आम्दानी निश्चित छ।

(लेखक पृथु टेक्निकल कलेज देउखरी वनगाउ‘मा तेस्रो सेमेस्टरमा अध्ययनरत हुनुहुन्छ)

# अण्डाले बजार पाएन

लमजुङ – बेंसीसहर नगरपालिका-२ भकुन्डे तालफाँटकी वन्दना अधिकारीले ४ वर्षयता अण्डा दिने लेयर्स कुखुरा पालेकी छिन्। करिब ७ सय कुखुराले दैनिक ६ सय अण्डा दिए पनि बिक्री नहुँदा उनी समस्यामा छिन्।

‘बिक्री गर्न बजार आयो। बाहिरी जिल्लाबाट सस्तोमा ल्याइँदो रहेछ। फिर्ता ल्याउनुभन्दा सस्तोमा छाडेर आउनुपर्छ,’ उनले भनिन्। एक क्रेट अण्डालाई २९० रूपैयाँमा दिँदा पनि बिक्री नहुने उनले बताइन्।

भकुन्डेकै राजकुमार थापाले पनि ७ सय कुखरा पालेका छन्। एकदिनमा ३ बोरासम्म दाना खर्च हुन्छ। एक बोरा दानाको मूल्य करिब २ हजार ९ सय पर्छ। ‘अण्डा बिक्दैन। कुखरालाई भोकै राखेर पनि भएन। दिनमै ७२८ हजारको दाना खुवाउनुपर्ने। ५२६ हजारको पनि अण्डा बिक्री हुँदैन। कसरी व्यवसाय गर्ने ?’ उनले भने, ‘यस्तो अवस्थाप्रति कसैले चासो लिँदैन।’ उत्पादन लागतभन्दा कम मूल्यमा बिक्री गर्दासमेत बजार नपाएको किसानले गुनासो गरेका छन्।

बेंसीसहर नगरपालिका-११ चितिकी सुशीला तिवारीका अनुसार प्रतिअण्डा उत्पादन खर्च १२ रूपैयाँ पर्छ। बजारमा उपभोक्तालाई व्यापारीले २० रूपैयाँसम्ममा बिक्री गर्छन्। अण्डा ८२९ रूपैयाँमा समेत बिक्री नभएको उनले बताइन्। उनले २ हजार कुखुरा पाल्न मिल्ने फर्म भए पनि घाटा लागेपछि ८ सय मात्रै पालेको बताए।

अण्डाले भाउ नपाउनु र दानाको मूल्य बढदै जाँदा घाटा परेको उनले बताए। स्थानीय किसानका अनुसार दानाको मूल्य बढ्नु र जिल्ला बाहिरबाट आएको अण्डाले समस्या पारेको छ। व्यवसायीका अनुसार व्यापारीले दिनरात बाहिरी जिल्लाबाट अण्डा ल्याउने गरेका छन्। चितवन र तनहुँमा बिक्री नहुने अण्डा लमजुङमा ल्याउने र मनाङसम्म पुर्याउने गरेका छन्।

अर्बौं लगानी गरेर धेरै अण्डा पार्ने र लमजुङका बजारमा ल्याउँदा उनीहरूलाई खासै घाटा नहुने र यसले लमजुङका साना व्यवसायीलाई अप्ठ्यारोमा पारेको स्थानीय कुखुरापालक किसानले बताएका छन्। ‘अण्डा राम्रो ल्याए त ठीकै भो। चितवन र तनहुँबाट ल्याउने कुनै कुनै अण्डा कुहिएको हुँदोरहेछ,’ किसान पुरनबहादुर अधिकारीले भने, ‘जिल्लामै उत्पादन गरिएको अण्डामा त्यस्तो कैफियत देखिएको छैन।’

अण्डा उत्पादक संघ लमजुङका अध्यक्ष ज्ञानेन्द्र बोहोराले दानाको मूल्य बढ्नु र अण्डाले भाउ नपाउँदा कतिपय किसानले व्यवसाय नै छाडेका छन्। जिल्लामा चाहिने अण्डा स्थानीयस्तरमै उत्पादन हुने भए पनि अर्बौंको लगानीसँग लाखको लगानीले प्रतिस्पर्धा गर्न नसकेको उनले बताए।व्यवसायीको रोजीरोटी नै गुम्ने र बैंकको किस्तासम्म तिर्न नसक्ने अवस्थामा पुगेको उनले बताए। उनका अनुसार गत वर्ष यही समयमा ५० किलो प्रतिबोरा दानाको मूल्य २ हजार २ सय ५० रूपैयाँ थियो। अहिले २ हजार ८ सय ७५ रूपैयाँ पुगेको उनले बताए।

# फौजी किराले मकै सखाप

भोजपुर – फौजी किराको प्रकोपले हतुवागढी गाउँपालिका क्षेत्रमा मकैबाली सखाप भएको छ। जेठ असारमा खडेरीले बर्खे मकै फस्टाएको थिएन। हिउँदे मकैमा फौजी किराले दुःख दिन थालेपछि किसान निराश बनेका छन्।

मकै खेतीका लागि निकै घातक मानिएको फौजी किराको प्रकोप भोजपुरमा देखिएको छ। बर्खे मकै खडेरीले सुकेपछि किसानले असार अन्तिम साता हिउँदे मकै लगाएका थिए। गाउँपालिकाका वडा १, २, ५ र ६ का रानीबास, लुङ्गिन, होम्ताङ, हर्का, लंखालगायत छिमकी आमचोक गाउँपालिकाका केही क्षेत्रमा पनि फौजी किराको बढी प्रकोप देखिएको छ।

प्रकोपले गाउँपालिका क्षेत्रका करिब सवा ८ सय रोपनी क्षेत्रफलमा लगाइएको मकैबाली नष्ट गरेको छ। खडेरीले बर्खे मकै मरेपछि मासेर लगाएको हिउँदे मकैमा पनि फौजी किराले सास्ती दिएको हतुवागढी गाउँपालिका १, रानीबास हर्काका किसान पदमबहादुर बस्नेतले बताए।

किसानका अनुसार ठूलो समूहमा आएर घाम लागेका बेला मकैको गुबोभित्र पसेर खाने, रातमा कलिला पात खाए मकैको बोट सखाप पारेका छन्। फौजी किराले गुबो खाएपछि मकैको पात नलाग्ने, सुतली नआउने र घोगा नलाग्ने लुङ्गेनका अर्का स्थानीय कृषक राजेन्द्र राईले बताए। हतुवागढी गाउँपालिकाका कृषि शाखा प्रमुख सागर पौडेलका अनुसार गाउँपालिकाले कृषि प्राविधिक टोली र प्रकोप क्षेत्रका सम्बन्धित किसानबीच तत्काल किराको प्रकोप समाधान गर्न, नमुना संकलन, स्थलगत अनुगमन, विषादी छिट्ने तयारीमा जुट्ने निर्णय गरेको छ।

गाउँपालिकाका कृषकको मकै बाली फौजी किराले सखाप पार्न थालेपछि गाउँपालिकाले चासो देखाएको छ। गाउँपालिका कृषि प्राविधिक खटाई अनुसन्धान गरी प्रकोप नियन्त्रणका लागि आवश्यक पहल थालिएको हतुवागढी गाउँपालिका अध्यक्ष प्रेमकुमार राईले बताए।खेतबारीमा लगाएको मकै बालीमा फौजी किराको प्रकोप बढदै जाँदा किसानहरू अन्य बालीनाली, रुखबिरुवा, बस्तुभाउमा समेत क्षति पुर्याउने सन्त्रास पनि फैलिएको वडा २ का वडाध्यक्ष विचारी थापाले बताए। उनका अनुसार गाउँपालिकाले कीराको पहिचान गर्न र तत्काल समस्या समाधानका लागि प्रभावित क्षेत्रमा कृषि प्राविधिक टोली खटाइएको छ।

## व्यवसायिक कृषि...

प्रतियोगितामा विजयी प्रतियोगीलाई कार्यक्रमका प्रमुख अतिथि रामपुर नगरपालिका वडा नं ६ का अध्यक्ष एवम् नगर प्रवक्ता हुमनाथ न्यौपानेले पुरस्कार वितरण गर्नुभयो। उहाँले नगरपालिकाले कृषि सहकारीमा गरेको कामबारे जानकारी गराउँदै यसवर्ष वडामा आलु उत्सव मनाउने कार्यक्रम रहेको हुदा व्यावसायिक आलु उत्पादनमा लाग्न कृषकलाई आग्रह गर्नुभयो। उपाध्यक्ष घनश्याम देवकोटाको स्वागतबाट सुरु भएको कार्यक्रममा रामपुर नगरपालिका वडा नं ६ का वडा सचिव बासुदेव ढकाल, रामपुर दोस्रो साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाका कोषाध्यक्ष विष्णुमाया ढकाल, दियालो महिला उद्यमी कृषि सहकारी संस्थाका अध्यक्ष ईश्वरी खनालले बोल्दै शुभकामना दिनुभएको छ। संस्थाका अध्यक्ष सूर्यप्रसाद रेग्मीको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सचिव ओमप्रकाश रेग्मीले गर्नुभएको हो।

# ‘कृषि क्षेत्रको रूपान्तरणबाट मात्र अर्थतन्त्र बलियो हुन्छ’



**चक्रपाणी खनाल ‘बलदेव’**
**मन्त्री, कृषि तथा पशुपंक्षी मन्त्रालय संघीय सरकार**

**नेपालको संविधानमा समाजवाद उन्मुख अर्थतन्त्र भनिएको छ। समृद्ध नेपाल र समाजवाद उन्मुख अर्थतन्त्रको विकासमा कृषि क्षेत्रको भूमिका कस्तो हुन्छ ?**

-हाम्रो संविधानमा समाजवाद उन्मुख अर्थतन्त्रलाई अंगीकार गरिएको छ। नेपाल कृषि प्रधान देश हो। यो देशको दुई तिहाई जनता कृषिमा आवद्ध छन्। यो कृषि क्षेत्र नेपालको अर्थतन्त्रको महत्वपूर्ण पाटो पनि हो। यो कृषि क्षेत्रको समाजवादीकरणका लागि भूमिको राष्ट्रियकरण पहिलो प्रश्न हो। किसानहरूको हकहितलाई सुरक्षित गर्दै सामूहिक उत्पादन प्रणालीमा जानु पर्दछ। समाजवादको प्रयोग र विकासमा संसारभरि आआफ्नै मौलिक अनुभवहरू छन्। जमिनको राष्ट्रियकरण, राष्ट्रिय, सामूहिक उत्पादन प्रणाली विकास आदि। नेपालको हकमा मलाई के लाग्छ भने कृषि क्षेत्रका केही जटिल समस्याहरू छन्। त्यसलाई हल नगरी समाजवाद उन्मुख कृषि प्रणालीको विकास हुन सक्दैन। नेपालमा सवैभन्दा पहिले जमिनको समस्या हल हुनु पर्दछ। दोस्रो उत्पादन प्रणालीको समस्या समाधान हुनु पर्दछ। जग्गालाई चक्लावन्दी गर्नुपर्ने छ। जग्गालाई चक्लावन्दी गर्ने विभिन्न मोडेलहरू छन्। एउटा सहकारी मोडेल, कम्पनी मोडेल, सामुदायिक तथा वाँझो जमिनमा करारमा लिई गरिने व्यक्तिगत व्यवसायिक फार्मिङ। कृषि क्षेत्रमा अनुदान, प्रविधिको हस्तान्तरणमा पनि सामूहिक खेती गर्ने र कृषिलाई समाजवादीकरणमा योगदान पुर्याउने वर्गमा केन्द्रितजस्ता प्याकेजहरूको विकासबाट मात्र कृषि क्षेत्रको रूपान्तरण सम्भव छ। कृषि क्षेत्रको व्यापक रूपान्तरण गरेर मात्र समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा कृषिले योगदान गर्न सक्छ।

**नेपालको कृषि क्षेत्र जीविकोमुखी र परनिर्भर छ। परनिर्भरताको अन्त्य विना कृषि क्षेत्रको रूपान्तरण कसरी सम्भव छ ?**

-अहिलेको भूमण्डलीकृत विश्वमा हरेक कृषि, पशुजन्य उत्पादनमा आत्मनिर्भर हुनुपर्छ। आयात गर्नु नै हुँदैन भन्ने मान्यता असम्भव छ। विश्वव्यापी नीतिगत सम्झौता, सन्धीहरू छन्, तिनको पालना पनि गर्नु नै पर्दछ। विश्व कृषि क्षेत्रका लागि पनि एकीकृत छ। हाम्रो कृषिको २० वर्षे रणनीति छ। त्यो अहिले कृषि क्षेत्रको लागि महत्वपूर्ण दस्तावेज हो। हामीले उत्पादनलाई व्यवसायिक वनाउँदै आत्मनिर्भरताका क्षेत्र र निर्यातमुखी उत्पादनलाई वर्गीकृत गर्नुपर्ने छ। नेपालबाट अहिले केही कृषि उपजहरू निर्यात गर्छौं। आयात प्रतिस्थापनका लागि आत्मनिर्भरको कार्यक्रम हुनुपर्छ। हामी अण्डा, कुखुराको मासुमा आत्मनिर्भर छौं। अलिकति व्यवस्थापन गर्ने हो भने दुधमा पनि आत्मनिर्भर हुन सम्भव छ। खसी वाख्रामा पनि हामी आत्मनिर्भर हुन सक्छौं। धान, गहुँ, मकैजस्ता अन्नवालीमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले काम अगाडि बढाएको छ। आशातित फल लिन सकिरहेका छैनौं। यो वर्ष कृषिमा उत्पादन वृद्धि भएको छ। नेपालमा सहजै उत्पादन गर्न सकिने र उपलब्ध हुने अन्नवाली, तरकारी वाली र फलफूल पनि हामीले किनेर खाइरहेका छौं। केही वर्षभित्र आत्मनिर्भर हुने, निर्यात हुने वालीको उत्पादन वृद्धि गर्ने कार्य गर्नु नितान्त आवश्यक छ।

**तपाईहरू आत्मनिर्भर कृषि क्षेत्र त भन्नुहुन्छ। किसानहरू कहिले तरकारीमा डोजर लगाउँछन्। मिल्क होलिडे गर्छन्। भारतमा निकासी हुने अदुवा, अलैचीका समस्याहरू ज्यूँका त्यूँ छन्। उत्पादन र बजारको व्यवस्थापनमा राज्यले किन ध्यान दिन सकिरहेको छैन ?**

-हाम्रो उत्पादन र बजारीकरणमा समस्या के छ भने पहिलो कुन क्षेत्रमा के उत्पादन भइरहेको छ। त्यो उत्पादनको बजार कहाँ हो ? कुनै अध्ययन र विश्लेषणविना खेती हुन्छ। कहिले अत्यधिक उत्पादन हुन्छ, कहिले अत्यन्त न्यून हुन्छ। यस्तो उत्पादनले बजारलाई अस्थिर बनाइरहेको छ। सरकारले नीति निर्माण गर्नुपर्ने त छदैछ। कृषि क्षेत्रको बजारीकरणमा विचौलियाको समस्या छ। सरकारले नै बजारको व्यवस्थापन गर्ने, देशका सवै जिल्ला, प्रदेश र स्थानीय तहमा सरकारी बजार बलियो नभई विचौलियाको समस्या समाधान हुँदैन। कृषि क्षेत्रमा समर्पित हजारौं सहकारीहरूले पनि कृषि उत्पादन र बजारीकरणमा ध्यान दिनु पर्‍यो। कृषि बजारमा समितिहरू छन्। बाँकी सवै विचौलिया हावी छन्। मध्यस्तकर्ता त हरेक क्षेत्रमा हुन्छन् तर बजारको मूल्य निर्धारणमा पनि विचौलिया हावी हुने प्रवृत्तिको अन्त्यका लागि राज्यलाई बलियो बनाउनु पर्छ। बजारको मूल्य निर्धारण राज्यले गर्ने परिपाटी विकास गर्नु नितान्त आवश्यक छ। खपतको आधारमा उत्पादन, निर्यातको आधारमा उत्पादन, ठाउँ विशेष उत्पादन, वाली विशेष उत्पादन राम्रो गरेर मात्र उत्पादन र बजारको व्यवस्थापन गर्न सकिन्छ।

**कृषि उत्पादनको बजारीकरण मात्र होइन बजारमा मिसावट, कम गुणस्तरका खाद्यान्न, डेट एक्सपाएर खाद्य र अत्यधिक रसायनिक प्रयोगको समस्या पनि वेला वेला प्रचारमा आइरहन्छ। माछा खाइरहेका छौं कि विष ? फलफूल खाइरहेका छौं कि विष भन्ने दुविधा देखिन्छ। यसको वास्तविकता के हो ?**

-नेपालमा केही तथ्यहरू छन्। केही भ्रमहरू छन्। यो विषय विज्ञान र जिम्मेवारीको मामिला हो। रसायनको मात्रा कति प्रयोग गर्दा उपयुक्त हुन्छ र हुँदैन भन्ने प्रश्नलाई ध्यान दिंदै नेपालमा दुईटा विषादीलाई प्रयोग गर्न नै निषेध गरिएको छ भने दस वटा विषादीलाई प्रतिवन्ध लगाएका छौ। जहाँ व्यवसायिक खेती बढी छ, त्यहाँ विषादीको प्रयोग अत्यधिक छ। जैविक खेतीका लागि प्रांगारिक मलमा अनुदान छुट्याएका त छौं, त्यसको वितरण व्यवस्थित हुन सकेको छैन। विषादीको प्रयोगको हकमा हाम्रो मुलुकमा अन्य राष्ट्रको जस्तो डरलाग्दो अवस्थामा छैन। कतिपय विकसित राष्ट्रहरू विषादी प्रयोग गर्छन् तर सचेत छन्कि कति प्रयोग गर्दा मानवस्वास्थ्यका लागि हानी गर्दैन। हाम्रोमा सचेतनाको पक्ष अत्यन्तै कमजोर छ। विषादीको प्रयोग गर्ने तरिकामा समस्याहरू छन्। यी कमजोरीका बावजुद नेपालमा विषादीको डरलाग्दो अवस्था भने छैन।

**कृषि क्षेत्रको रूपान्तरणका लागि विदेशबाट फर्किएका युवाहरू, कृषि उद्यमीहरू, किसानहरूलाई वैंकमा सहुलियतपूर्ण ऋण व्यवस्थापनको खुवै चर्चा भयो तथापी यो खास किसानहरूले पाउनै सकेका छैनन् ? किन ?**

-यो कृषि ऋणमा सरकारले ५ प्रतिशत व्यहोरेको छ। बाँकी बैंकले आफ्नो नियमानुसार लिने गर्छन्। यो कृषि ऋण वास्तविक किसानहरूले पाउन सकेका छैनन् भन्ने गुनासो व्यापक रूपमा आउने गरेको छ। पछिल्लो अवस्थामा कृषि क्षेत्रमा गएको अरबौं ऋण संकटमा भन्ने समाचार पनि आएको थियो। मलाई यो समस्या बल्झिन्छ भन्ने लाग्छ। कृषि क्षेत्रको बढोत्तरीका लागि त कृषि मै त्यो ऋणको उपयोग हुनुपर्दछ। विभिन्न खाता पाता मिलाएर लिइएको कृषि क्षेत्रको ऋण अन्यत्र प्रयोग भएको कारणले ऋण क्षेत्रमा डरलाग्दो अवस्थालाई चित्रित गर्दछ। त्यसैले यो ऋण, अनुदानको ठीक व्यवस्थापन आवश्यक छ। ५ प्रतिशत व्याज अनुदान साँच्चिकैको किसानको हातमा पुगोस् भनेर ध्यान दिनु पर्ने छ। किसानहरूको वर्गीकरण गर्ने, किसान परिचय पत्र व्यवस्थित गर्ने, वास्तविक किसानले जमिनका आधारमा ऋण लिने गरी ऋण लगानीको व्यवस्थापन गर्नुपर्दछ।

**लगानी कै प्रसंगमा कुरा गर्दा नेपालको कृषि क्षेत्रमा विदेशी लगानी मूलतः गाइ फार्ममा चिनिया लगानीको सन्दर्भमा प्रदेश नं. २ मा विरोध भएको देखिन्छ ? यसको वास्तविकता के हो ?**

-यो चिनबाट गाई ल्याउने र दुध उत्पादन वृद्धि गर्ने विषय अलि पहिले देखि छलफल भै आएको विषय हो। नेपालमा अहिले नै चिनियाँ दश हजार गाई ल्याउन आवश्यक हो कि होइन ? अहिले नै चिनिया गाईको नश्लको अध्ययन, नेपालको भू-वातावरणमा टिक्छ कि टिक्दैन ? यो एक अध्ययनको विषय हो। जहाँसम्म किसानहरूको प्रश्न छ यही नश्लसुधार गरिएका गाईहरू नेपालको हावापानी वातावरणमैत्री र उपयुक्त छन् भन्ने देखिन्छ। नेपालको हकमा गाईभन्दा पनि उन्नज जातको भैसी पालनमा जोड दिनुपर्ने छ। नेपालमा अमूल आउने कुरा होस् वा चिनिया गाई आउने कुरा नै किन नहोस्। यो वहस हुनु राम्रो कुरा हो। आउनेको कुराभन्दा पनि भएकोलाई व्यवस्थापन गर्ने कुरा महत्वपूर्ण हो। हामीसँग भएका गाई, भैसीको व्यवस्थापन गर्ने, नश्ल सुधार गर्ने र व्यवसायिक पालन गर्ने कुरा आधारभुत हो।

**योगदानमा आधारित किसान पेन्सन कार्यक्रमलाई किसानहरूले सर्वाधिक चासोका साथ हेरिरहेका छन्। यसलाई कसरी लागू हुन्छ ?**

-यो सर्वप्रथम किसानहरूको वर्गीकरण नगरी लागू गर्न सम्भव छैन। नेपालमा सवैभन्दा पहिले किसानहरूको वर्गीकरणको कार्य गर्नुपर्ने देखिन्छ। कुन किसानले कस्तो खाले कार्य गर्दछ ? उत्पादनमा किसानले के गरिरहेको छ ? त्यो पहिचान हुनुपर्यो। त्यो पहिचानका लागि त वर्गीकरण अनिवार्य हुन्छ। पहिलो वर्गीकरण, दोस्रो शेयर र तेस्रोमा सूचिकरण। यसलाई पेन्सन भन्नु भन्दा पनि योगदानमा आधारित किसान सुरक्षा भन्नु उपयुक्त हुन्छ।

**नेपालको खण्डिकृत जमीनलाई हेरेर तपाईहरूले भूमि बैंकको चर्चा गर्नु भएको छ। यो भूमि बैंकको आलोचना र समर्थन दुवै भएको पाइन्छ। यसलाई कसरी हेर्नुभएको छ ?**

-यो भूमि वैंकको अवधारणा कृषि, भूमि एउटै मन्त्रालय हुँदा उठेको विषय हो। यो मैले उठाएको प्रश्न हो। मेरो दृष्टिकोण के हो भने बाँझो जमीनलाई व्यवस्थापन गर्ने, भूमि वैंकमार्फत् करारमा लेनदेन र अखिलेखीकरण गर्ने, भूमि वैंकमा ८, ९ नं ऐलानी होस्, सुकुम्वासीको कुरा होस् यसलाई वस्ती विकाससँग जोड्ने, अव्यवस्थित र अतिक्रमित भूमिको व्यवस्थापन गरेर नै भूमि वैंकको विकास हुन्छ। पहिले भूमि वैंकसम्बन्धी विभिन्न छलफलहरू पनि भएका रहेछन्।

**भूमि वैंक पुँजीपतिहरूलाई जमिन कब्जा गर्ने नयाँ सहज बाटो हुन्छ भन्ने छ नी ?**

-यो तर्कसहित आउनु पर्यो। व्यक्तिको जमिन कब्जा हुने होइन। जसले खेती नगरी बाँझो राखेको छन्। ति जमिन वैंकमा करारमा आउने हो। लालपुर्जा उसैको हुन्छ। सहमतिमा करार हुने हो। यो नीतिगत रूपले समस्या समाधान हुन्छ। करार सम्झौता कसरी गर्ने, बाँझो जमिनको खेतीका लागि कहिलेसम्म दिनेभन्ने त करारमा उल्लेख नै हुन्छ। यसकारणले भूमिवैंक जर्वजस्ती थोपरिने पनि होइन। यो भूमिवैंक प्रभावकारी नै हुन्छ।

**तपाईहरूले अगानिक भिलेज र कृषि पर्यटन पनि भन्नुभएको छ ?**

-मैले कृषिलाई पर्यटनसँग पनि जोड्न पर्छ भनेर होमस्टे, अर्गानिक भिलेज भनेको हुँ। अर्थमन्त्रालयले कृषिको एग्रो टुरिज्मका निम्ति छुट्ट्याएको बजेटमाथि अब्जेक्सन जनाएको बुझिएको छ। पर्यटन मन्त्रालय छ। वोर्डहरू र अन्य पर्यटनसम्बन्धी निकाय भएकोले कृषिले गर्नु हुँदैन भन्ने खालको अर्थको राय रहेको बुझिएको छ। यो बजेट फ्रिज होला जस्तो छ। नेपालको कृषि पर्यटनसँग समन्वय गर्नुपर्छ, यो फलदायी हुन्छ भन्ने थियो। भ्रमण बर्षलाई पनि सहयोग हुन्थ्यो। यो कार्यान्वयनमा समस्या होलाजस्तो छ।

**तपाईले कर्णालीमा रैथाने बाली संरक्षण कार्यक्रम, कम्युनिटी फार्मिङको पाइलटिङ गर्ने भन्नुभएको थियो। यसलाई कसरी अगाडि बढाइरहुनभएको छ ?**

-कर्णालीमा रैथाने बाली संरक्षण कार्यक्रम, कम्युनिटी फार्मिङ राम्रा अवधारणा हुन्। कम्युनिटी फार्मिङका लागि कर्णाली प्रदेश सरकारलाई ५ करोड छुट्टाइएको पनि हो। जमिनलाई एकीकृत गर्ने, कृषिको आधुनिकीकरण गर्ने र बजारलाई व्यवस्थित गर्ने गरी कम्युनिटी फार्मिङको अवधारणा सारिएको हो। म असाध्यै प्रयत्नरत छु। अर्गानिक उत्पादन, स्याउ फार्मिङको बजेटका लागि कर्णालीमा बजेट छुट्टाइएको छ। म कार्यान्वयनमा जोड दिनेछु।

**अन्त्यमा क्रान्तिकारी भूमिसुधार, नौलो जनवादी कृषि क्रान्तिको वास्तविकतालाई कसरी मूल्याकंन गर्नुहुन्छ ?**

-क्रान्तिका आआफ्नै तरिकाहरू, मोडेलहरू हुन्छन्। यससम्बन्धी वाद, विवाद, संवाद हुँदै आएको छ। यो एक निरन्तर वहस र अभ्यासको प्रश्न हो। जे होस् हामीले क्रान्तिकारी भूमिसुधार जे उद्देश्यले भनेका थियौं। कृषि क्रान्ति भनेका थियौं। त्यो त हुन सकेको छैन। नेपालको भूमि दलाल, विचौलिया, षड्यन्त्रकारीहरूको हातमा छ। नेपालको जमिनको राष्ट्रियकरणको मुद्दालाई अहिले नै लागू गर्न सकिने स्थिति छैन। नेपालमा भूमिको सही वितरण, कृषि क्रान्ति हुनै पर्दछ। हामीसँग सुकुम्वासीहरू छन् भने पछि भूमिको समस्या छ भन्ने कुरा घामझैं छर्लङ्ग कुरा हो। नीतिगत हिसावले चक्लावन्दी र कम्युनिटी फार्मिङलाई अगाडि बढ्ने हो भने कृषकहरूको जीवनस्तर उठाउँदै परिवर्तन ल्याउन सम्भव छ। कृषि उत्पादनको क्षेत्रमा क्रान्ति सम्भव छ। यसलाई कति क्रान्ति मान्ने शब्दमा कि व्यवहारमा हुँदाहुँदै पनि सम्भव छ। *(साभार)*

## बुटवल देखि लुम्बिनी...

उहाँका अनुसार अनुसार सडकको दाँयाबायाँ स्थानीयले फूल रोपेका छन् भने बीचको भागमा स्थानीय सरकारसँग समवन्य गरेर विभिन्न संघसंस्थाहरूले पनि रोपेका छन्। हालसम्म करिब २ किलोमिटर सडकमा फूल रोप्ने कार्य भइसकेको उनले बताए। विषेशगरी अहिले सयपत्री, मखमली, गोदावरी लगायत १० प्रजातीका फुल रोपिएको उनले जानकारी दिए।फुल फुलाउन चाहना हुनेले बारीमा तथा घरका कौशीमा गमलामा राखेरै पनि फुलाएका छन्। धेरैले यसलाई व्यवसायिक रूपमा पनि थालेका छन्। तर, सडकमै फूल रोपेर फुलाउने अभियान भने पहिलो पटक सञ्चालनमा आउन लागेको हो।

स्थानीयको सक्रिय सहभागितमा यसरी सडकमै रोपेको फूलको हेरचाह कसले गर्छ र सडक किनामा उत्पादन भएको फूलबाट अपेक्षा कति को छ ? भन्ने प्रश्न पाण्डेले भन्नुभयो ‘फुलको हेरचाहको लागि मालीहरू रहेका छन्, नगरपालिकाद्वारा ट्याङकरबाट पानी पानी राख्ने तयारी गरेको छ साथै स्थानीयले ठाउँठाउँमा पाइप जडान समेत गरेका छन्’साथै अघिल्लो वर्षमा माटोको परीक्षणका लागि विभिन्न स्थानमा केही फुल लगाइएको र ती फुलहरू फुलेसँगै उत्साह थपिएको उनले बताए। परीक्षण सफल भएकाले यो वर्ष सडक किनारा सबैति फूल रोप्ने तयारी गरिएको उहाँले बताउनुभयो। विरुवालाइ आवश्यक पर्ने सम्पूर्ण चिज हाल्न सकेमा सडकमै फूल फुलाउन सकिने उदाहरण उनले गत वर्षबाटै प्राप्त गरिसकेका छन्। ‘मेहनत गरेन भने खेतवारीमै पनि फूल फुलाउन सक्दैनौं’ उहाँ भन्नुहुन्छ - ‘प्राविधिक हिसावले जोश र जाँगरका साथ गर्न सकेमा सडकमा फूलाउन सकिन्छ’।

अभियान स्वरूप थालेको पुष्पखेती साउन २५ गतेबाट बुटवलबाट सुरु भएको बताउँदै उहाले व्यवसायीले पनि ५०/५० हजार विरुवा र दुई सय क्विन्टल मल सहयोग गरिरहेका जानकारी दिनुभयो। भ्रमण वर्ष २०२० लाई पनि मध्यनजर गर्दै सडक सुन्दरीकरणको सुरुवात गरिएको वुटवल उपमहानगरपालिकाका प्रमुख शिवराज सुवेदी बताउनुहुन्छ। ‘चाडपर्वका समयमा भारतबाट प्रशस्त मात्रामा फूलको आयत गरिन्छ’ उहाँले भन्नुभयो -‘त्यसलाइ न्यूनीकरण गर्न र मानिसहरूलाई पुष्पखेतीतर्फ आकर्षित बनाउन सडक पुष्पखेती सुरु गरेका हौं’।

# पाल्पाको निस्दी गाउँपालिकाका सात उत्कृष्ट कृषक सम्मानित




**पाल्पा** -पाल्पाको निस्दी गाउँपालिकाका सात उत्कृष्ट कृषक सम्मानित भएका छन् । कृषि व्यवसायमा राम्रो काम गर्ने कृषकलाई व्यवसायको मुल्यांकन गर्दै कृषि शाखाले उत्कृष्ट कृषक छनौट गरी सम्मान गरेको हो । वडा नं १ बाकामलाङ्गका टोपबहादुर राना, वडा नं २ सहलकोटका हिराबहादुर राना, वडा नं ३ का लक्ष्मी घर्ती, वडा नं ४ का लालबहादुर खन्गाहा, ५ का पूर्णबहादुर पचभैया, वडा नं ६ का ठाकुरबहादुर सिंजाली र ७ का कृष्णबहादुर राना उत्कृष्ट कृषक छनौट भई पुरस्कृत हुनुभएको छ । उत्कृष्ट कृषकमा छनौट हुन सफल कृषकलाई नगद प्रतिव्यक्ति पाँच हजार र सम्मान पत्रले सम्मान गरिएको कृषि शाखा प्रमुख नवराज घिमिरेले गर्नुभएको हो । उत्कृष्ट कृषकलाई गाउँपालिकाका अध्यक्ष मुक्तबहादुर सारु र उपाध्यक्ष रिताकुमारी अर्यालले पुरस्कार प्रदान गर्नुभयो । ■

# नेपालगञ्जको बजारभरि जुम्ली स्याउ



**बाँके** – ढुवानी सहज भएपछि नेपालगन्जभरि जुम्लाका स्याउ बिक्री भइरहेको छ । यहाँका ठेलावालादेखि डोका-डोकामा बोकेर घरघरै स्याउ बिक्री गर्नेको घुइँचो बढेको छ । भदौ सुरु भएपछि जुम्लाबाट स्याउ यहाँ भित्रिन थालेको हो ।

कोहलपुरकी ३५ वर्षीया सावित्री भण्डारी डोकाभरि स्याउ बोकेर 'जुम्लाको स्याउ हजुर' भन्दै नेपालगन्ज बजार डुल्छिन् । यसरी डुलेको २ घण्टामै डोको रित्तिन्छ । स्याउ बिक्री गर्न जुम्लाबाट आएर उनी आफन्तको घरमा बसिरहेकी छन् । गाडीबाट स्याउ ढुवानी गरी ल्याउँछिन् ।

त्यसपछि पसल, घरदैलो र बजारसम्म त्यसलाई बिक्री गर्न डुल्ने गरेको उनले बताइन् । एक दिनमा ५० किलोसम्म बिक्री गरिरहेको उनले सुनाइन् । भदौ र असोज महिनाभरि जुम्लाका स्याउ व्यापार गर्न आफू नेपालगन्ज झरेको उनको भनाइ छ । झन्डै ३ कठ्ठा भिरालो जमिनमा लटरम्म फलेका स्याउले गाउँमा बजार नपाएर खेर जान थालेपछि त्यही बिक्री गर्न नेपालगन्ज झरेको उनले बताइन् ।

'सबै यहाँसम्म ल्याएर बेच्न पाए त पैसाको दुखै हुन्थेन,' उनले भनिन्, 'धेरै कुहेरै जान्छन् । बेचे पनि गाउँको बजारमा कौडीको मूल्यमा बिक्छ ।' उनका अनुसार स्थानीय बजारमा ३० देखि ५० रूपैयाँ प्रतिकिलोमा बिक्री गर्नुपर्छ । त्यही स्याउ नेपालगन्जमा १ सय ८० रूपैयाँसम्ममा बिक्री भइरहेको छ । पहिले यस सिजनमा भारतबाट फलफूल ल्याएर बिक्री गरिन्थ्यो । अहिले व्यापारीले जुम्लाकै स्याउ बेच्ने गरेको स्थानीयले बताए ।

सिजन अनुसारको फल रुचाउने र अर्गानिक हुने भएकाले जुम्लाको स्याउको माग बढदै गएको बीपी चोकस्थित फलफूल व्यापारी मिलन गुप्ताले सुनाए । तुलनात्मक रूपमा जुम्लाको स्याउको मूल्य भारतको तुलनामा ६० रूपैयाँ बढी छ । अर्गानिक स्वाद भएकाले यहाँका बासिन्दाले बढी मूल्य तिरेर भए पनि जुम्ली स्याउ नै खरिद गर्ने गरेको उनले सुनाए । दुई महिना भारतीय स्याउ नभई जुम्लाकै स्याउ व्यापार गर्ने गरेको उनले बताए ।

उनका अनुसार नेपालगन्जबाहेक काठमाडौंमा समेत माग बढ्न थालेको छ । उनले दैनिक ८ देखि १० किलोसम्म स्याउ काठमाडौंमा भाइको पसलमा पठाउने गरेको सुनाए । 'त्यहाँ भाइले २ सय प्रतिकिलोमा बेच्छ,' उनले भने, 'मागे अनुसार स्याउ पुर्याउन सकिएको छैन ।'

त्रिभुवन चोकमा फलफूल व्यापार गरेर बस्ने गायत्री चौधरीले दैनिक २० किलो जुम्ली स्याउ बिक्री गर्दै आएको बताइन् । भर्खरै रुखबाट टिपेर ल्याएजस्तै ताजा हुने हुँदा मान्छेले रुचिका साथ खरिद गर्ने गरेको उनको बुझाइ छ । कहिलेकाहीं बजारमा जुम्लाकै स्याउ हो कि होइन भनेर परीक्षा लिने ग्राहकसँग उनले झेल्नुपर्छ। चौधरी समुदायकी भएकीले स्याउ किन्नुअगाडि व्यापारीको मुहार हेर्ने गरेको उनले सुनाइन् ।

'जुम्लाकै मान्छेले बेचे भने पत्याइ हाल्छन्,' उनले भनिन्, 'हामीले बेच्दा झुक्याएको भन्दै शंका गर्छन् ।' उनका अनुसार चिनियाँ, भारतीय र जुम्लाको स्याउको आकारबाट छुटयाउन सकिन्छ । हल्का बांगो भएको, किरा लागेजस्तो र साना आकारका स्याउ जुम्लाका हुने उनको दाबी छ।मौसमी फलफूलमा यतिबेला सबैभन्दा राम्रो व्यापार जुम्ली स्याउको भएको उनले सुनाइन् । रानीतलाउस्थित सब्जीमन्डीमा तरकारी व्यापार गर्ने निजामुद्दिन राईले स्याउ व्यापार सुरु गरेका छन् । जुम्ली स्याउको माग बढेपछि उनी यतातिर लागेका हुन् ।

# जग्गा भाडामा लिएर किसानद्वारा समुहिक खेती



**पाल्पा** – तानसेन नगरपालिका ७, प्रवासमा गरिएको सामूहिक तरकारी खेती सिकाइ केन्द्र बनेको छ । नयाँ प्रविधिबाट भइरहेको सामूहिक खेती सिक्ने थलो बनेको हो । सामूहिक खेतीबाट किसानको वास्तविक लगानी र नाफाघाटा पनि थाहा पाइन्छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत तरकारी जोनको ७ लाख ४० हजार रूपैयाँ सहयोगमा यहाँ तरकारी खेती भइरहेको हो । सामूहिक तरकारी खेतीलाई किसानको भ्रमण गर्ने थलोका रूपमा परिचित गराउने जोनको योजना छ । मिनी टिलर, थोपा सिंचाइ, मल्चिङ गर्ने तरिका, टनेलको प्रयोग गरेर खेती गरिएको छ ।

'प्रविधि अवलोकन गर्ने थलोका रूपमा परिचित छ,' तरकारी जोन सञ्चालक समिति अध्यक्ष पदम पौडेलले भने, 'सामूहिक तरकारी खेतीबाट आम्दानी र लागत खर्च पूर्ण रूपमा निकालिएको छ ।' राजमार्गबाट डेढ किमि नजिक ३५ रोपनी जग्गा भाडामा लिएर किसानले सामूहिक खेती गरेका छन् । माघबाट सुरु भए पनि जेठ १५ बाटमात्रै आम्दानी लिएका हुन् ।

'सुरुमा पानीको समस्या भयो,' सञ्चालक समिति पूर्वअध्यक्ष ध्रुव भण्डारीले भने, 'त्यसपछि अन्य व्यवस्थापनमा पनि समय खर्चिनु परेको थियो ।' सुरुमा गोलभेडा, काँक्रो र सिमी लगाएका छन् । चार महिनामा १६ टन उत्पादन भएको छ । काँक्रो दुई टन र सिमी एक टन उत्पादन भएको छ । 'सुरुमा भाउ पाउने अवस्था थिएन,' उनले भने, 'अहिले आकासिएको छ । पहिला र अहिलेको अवस्था बराबरी जस्तै छ ।' भाडामा लिएको जग्गामा काम गर्ने जिम्मा भने पूर्वअध्यक्ष भण्डारी र पूर्वसचिव महेश पन्तले लिएका छन् ।

'हामीले प्रत्येक कामको टिपोट राखेका छौं,' सचिव पन्तले भने, 'जसले गर्दा किसानले के कति काम गर्दा कति नाफा वा घाटा हुन्छ भन्ने निष्कर्ष निकाल्न सक्ने अवस्थामा पुगेका छौं ।' कतिपय अवस्थामा काम गर्नलाई पनि समस्या हुने उनको अनुभव छ । ज्यालाकै विषयमा पनि सरकारी डोर हाजिरी फाराम भर्नलाई सरकारले तोकेको न्यूनतम ज्याला दिनुपर्ने हुन्छ । सरकारी ज्याला ६ सय छ । चलनचल्तीको ३ सय ५० रूपैयाँमा काम पाउँदा पनि स्थानीय खुसी छन् ।

सामूहिक तरकारी खेतीले युवालाई रोजगारी दिएको छ । सामूहिक तरकारी खेतीबाट आठ जनाले निरन्तर काम पाएका छन् । उनीहरूले मासिक आठरनौ हजार रूपैयाँ पाइरहेका छन् ।

तरकारी खेती गरेबापत वार्षिक ८० हजार रूपैयाँ जग्गाधनीलाई तिर्नुपर्छ । माघ १ गतेदेखि असार मसान्तसम्मका लागि भण्डारी र पन्तले कामको जिम्मा लिएका हुन् । सञ्चालक समितिको बैठकले दिएको जिम्मेवारीको समय सकिएको छ । अर्को निर्णयका लागि बैठक बसेको छैन । अहिलेसम्म चार महिनामा ६ लाख ५० हजार रूपैयाँ आम्दानी भएको पूर्वसचिव पन्तले बताए ।■

# पुथा उत्तरगंगाले स्याउ पकेट क्षेत्र बनाउने

**रुकुम** - रुकुम पूर्वको पुथा उत्तरगंगा गाउँपालिकाले केही गाउँलाई स्याउ पकेट क्षेत्रको रूपमा विकास गर्ने भएको छ । प्रदेश नम्बर ५ को एक मात्र हिमाली जिल्ला रुकुम पूर्वको पुथा उत्तरगंगा गाउँपालिकामा अधिकांश ठाउँमा स्याउ राम्रो उत्पादन हुने गर्दछ । वडा नम्बर-१० तकसेरामा सबैभन्दा राम्रो स्याउ उत्पादन हुने गरेको छ । त्यस्तै वडा नम्बर २ पेल्माको स्याउमा पनि राम्रो स्याउ उत्पादन हुने भए पनि आवश्यक बजार पाउन सकेको छैन ।



गाउँपालिकाको पेल्मा गाउँ दुर्गम क्षेत्र हो भने हालसम्म यातायातको सुविधा पनि पुगेको छैन । गाउँपालिको केन्द्र भएको तकसेरा आउन त्यहाँबाट दुई दिन लाग्ने गरेको छ । गाउँपालिकाका अध्यक्ष ओमप्रकाश घर्ती मगरले त्यस क्षेत्रमा हाल बारीमा लटरम्म स्याउ फलेको भए पनि आवश्यक बजार पाउन र ढुवानी समस्याका कारण स्थानीय चिन्तित भएको बताए । ँअहिले गाउँपालिकाको केन्द्र भएको देखि अर्गानिक स्याउ बाहिरबाट काम विशेषले जाने व्यक्तिले स्याउ बारीमै गएर किन्ने गरेका छन्, उनले भने, ँढुवानी समस्या भएको ठाउँमा जतिसक्दो यातायातको पहुँच विस्तार गरेर सँगै अन्य अनकूल ठाउँमा स्याउ पकेट क्षेत्रको रूपमा पनि विकास गरिने छ ।

तर, तकसेरामा सडक पुगेसँगै गाउँपालिकाको केन्द्र भएकाले बाहिरका मान्छेको आउजाउ बढ्दा स्याउ बेच्न बाहिर जानुपरेको छैन । २०४० सालदेखि स्याउ खेती गर्दै आएका प्रवेश बुढाले आफ्नो बारीमा २ सय ५० भन्दा बढी स्याउका बोट रहेकोमा सस्तोमा बेच्दा पनि एक लाख बढी आम्दानी हुने गरेको जानकारी दिए ।ँघरबाटै बिक्री गर्दा खासै मूल्य त पर्दैन, उनले भने, 'तैपनि त्यत्तिकै खेर जानुभन्दा घरमै आएका ग्राहकलाई सस्तोमै दिने गरेका छौं । यसवर्ष प्रतिगोटा पाँच रुपियाँका दरले स्याउ बिक्री गर्ने गरेको र स्याउ किन्न दैनिक रूपमा ३(४ जना ग्राहक घरमै आउने गरेको प्रवेशले बताए । स्याउ बाहिर भएका आफन्तलाई पठाइदिने र घरमा आउने पाहुनाको स्वागतमा पनि दिने चलन भएकाले खासै आफूहरू व्यनवसायिक हुन नसकेको उनको भनाइ छ ।

स्याउ राम्रो उत्पादन हुने पुथा उत्तरगंगा गाउँपालिकाका विभिन्न स्थानमा स्याउ पकेट क्षेत्रको रूपमा विकास गर्न गाउँपालिकाले बजेटको व्यवस्थासमेत गरेको छ । विशेष गरी तकसेरा, पेल्मा र हुकामका कृषकको मागलाई मध्यनजर गरी चालू आर्थिक वर्ष २०७६(७७ का लागि तीन गाउँका लागि २०(२० लाख र ८ नम्बर वडा चारगाउँमा सुन्तला पकेटका लागि पनि २० लाख रुपियाँ बजेट व्यवस्था गरिएको गाउँपालिकाका अध्यक्ष घर्तीले जानकारी दिए । स्याउ पकेट क्षेत्र विकासबाट नै बजार व्यवस्थापनका काम पनि गरिने गाउँपालिकाले जनाएको छ । ■

# धान खेतीको समस्या र समाधानको उपाय

आरती जोशी

पानी परे संगै माथिल्लो पहाडी, मध्य पहाडी र तराई क्षेत्रमा धानको बीउ छर्ने प्रक्रिया सुरु भइ सकेको छ। चैत्रबाट नै बर्सिन थालेको झरीसंगैको असिनाले गहुँ उत्पादनमा केहि असर पुर्याए तापनि यो वर्ष गहुँको उत्पादन ८.५ ले बढ्ने कृषि विकास मन्त्रालयले अनुमान गरेको छ ।मौसमविदहरुका अनुसार योपालि मनसून ढिलो सुरु भएको छ। पूर्वी जिल्लाहरुलाई छोई सकेको मनसून पश्चिमी जिल्लाहरुमा पुग्न भने अझै केहि समय लाग्ने छ।

हावा लाग्ने, आकाश गर्जिने र फाटफुट छिटामात्र परिरहेको मध्यपश्चिम र सुदूरपश्चिमलेली जिल्लाहरुका, सिंचित ठाउँका किसानहरुले विउ छरे तापनि सिचाई सुबिधा नपुगेका ठाउँमा भने अझै वीउ छरी सकेको छैन। सिचाईको सुबिधा नभएको र मनसूनको ढिलो आगमनले वीउ छर्न समस्या भएको यहाका किसानहरुको भनाइ छ।

सिचाई मात्र नभई उन्नत वीउहरुको असहज उपलब्धता, मलको अभाब, परम्परागत कृषि प्रणालीमा सिमित ज्ञान, आधुनिक कृषि प्रणालीप्रतिको अनविज्ञता, रोग र किराहरु, उचित परामर्शको अभाव आदि नेपालको मुख्य बाली धानमा देखीदै आएका समस्यामा हुन्।

युवा शक्ति विदेशिने, खेतीयोग्य जमिन बाँझै रहेने, पर्याप्त जलमल नहुने भएका कारण वर्षेनी खेतीयोग्य जमिन घटदै गएको कृषि विभागको तथ्यांकले जनाएको छ। आर्थिक वर्ष ०६७र६८ मा १४ लाख ९६ हजार चार सय ७६ हेक्टर जमिनमा धान खेती भएको जसमा ४४ लाख ६० हजार दुई सय ७८ टन उत्पादन भएको थियो।

त्यस्तै आर्थिक वर्ष ०६८र६९ मा १५ लाख ३१ हजार चार सय ९३ हेक्टर जमिनमा भएको धान खेतीमा ५० लाख ६७ हजार दुई सय ४९ टन उत्पादन भएको थियो भने आर्थिक वर्ष ०६९र७० मा १४ लाख २० हजार पाँच सय ७० हेक्टर जमिनमा धान लगाइएमध्ये ४५ लाख, चार हजार पाँच सय ३ टन उत्पादन भएको थियो।

त्यस्तै ०७०र७१ मा १४ लाख ८६ हजार नौ सय ९५ हेकटर जमिनमा खेती भएकोमा ५० लाख ४७ हजार ४७ टन धान उत्पादन भएको थियो र गत आर्थिक वर्ष ०७१र७२ मा १४ लाख २५ हजार तीन सय ४६ हेक्टरमा धान खेती भएकोमा ४७ लाख ८८ हजार ६ सय १२ टन धान उत्पादन भएको नार्कको तथ्याङ्क छ।

त्यस्तै, नेपालको खाद्यान्न उत्पादनमा झण्डै आधा हिस्सा ओगटेको धानबालीमा मौसम परिवर्तनको असर प्रतक्ष्य देखन सकिन्छ। नेपाली किसानले केही वर्षयता मौसम परिवर्तनको चर्कै समस्या बेहोर्दै आएका छन्।

गएको वर्षहरुमा मौसम परिवर्तनका असर स्वरुप बाढी, पहिरो र सुक्खा बढी देखिए। यसले गर्दा एकातिर किसानको लगानी डुब्ने र अर्कोतिर अर्बौंको धानरचामल आयात गर्नु परिरहेको छा यो अवस्थामा किसानले सुक्खा सहन सक्ने तरहरा-१, हर्दिनाथ-२, सुक्खा-१ देखि ६ सम्मका धानका जातहरू लगाउन थालेका छन्।

स्वर्णासव-१ र सम्मा मन्सुलीसव-१ डुवान सहन सक्ने धानका जात हुन्। १५ दिनसम्म खेत डुवानमा परे पनि यी धान जराबाट पलाउँछन्। तर यी दुई जातले सुक्खा सहन सक्दैनन्। सुक्खा-६ जातले सुक्खा र बाढी दुवै सहन सक्छ। मौसम परिवर्तनको यस्तो प्रतिकुल स्तिथिमा किसानहरुले, जुनसुकै वेला अन्अपेक्षियत समस्याका लागि तयार भएर बस्नु पर्ने अवस्थामा धानबालीका लागि भरपर्दो सिंचाइको व्यवस्था गर्नुको विकल्प छैन। तर नेपालमा बाह्रै महीना सिंचाइ हुने क्षेत्रफल करीब २५ प्रतिशत जति मात्र छ।

नेपालमा धानको उत्पादन बढाउन सिचित क्षेत्रहरुको विस्तार गर्नु नितान्त आवश्यक छ। नेपाल सरकारले सिचाई नपुगेको ठाउमा टुयूब वेल निर्माण गर्न अनुदान दिने भए तापनि, कृषकहरुले सो सेवाको उचित फाइदा उठाउन सकेका छैनन्।

कृषि सेवाहरुको प्रसारमा भएको कमीका कारण, सरकारदृरा कृषि प्रसार व्यवस्थामा सम्बर्धन गरि, सरकारबाट प्रदान गरिने सेवाको फाइदा हरेक कृषकले उठाउन सक्ने गरि सो क्षेत्रलाई सुगठन गर्नुपर्ने आवश्यता छ।

सिंचित क्षेत्र बढाउदै गएमा चैते र हिउदे धान खेती गर्ने क्षेत्र विस्तार गरि धानको उत्पादन सहजै बढाउन सकिन्छ। असारे धान बलिले मात्र थेग्न नसकेको देशको मागलाई, चैतेधान र हिउदे धान गरि बर्षैभरि खेति गर्दा निर्यात गर्न मिल्ने गरि उत्पादन लिन सकिन्छ। जमिन बढाएर उत्पादन बढाउन नमिल्ने अहिलेको स्थितिमा, खाद्यसुरक्षाका दृष्टिले चैते र हिउदेधानलाई वरदान मान्न सकिन्छ।

चैते धान लगाएका बेलामा मौसम राम्रो हुने, रोग र कीरा कम लाग्ने, रासायनिक मलको सदुपयोग बढी हुने, सुर्यको प्रकाश धेरै पर्नुका कारण उत्पादन बढने हुनाले बर्षे बालीको तुलनामा बढी उत्पादन लिन सकिन्छ। माघमा रोपी जेठमा काटिने हिउँदे धानले बाली पाक्ने समयमा बढी सुर्यको प्रकाश (सोलर रेडिएसन) पाउने भएकाले यसको उत्पादन चैतेधानको भन्दा पनि बढी हुन्छ।

चैते धानको एउटा समस्या भनेको असारमा गएर पाक्ने हुनाले धानबाली काटी समेट्न अति गाह्रो हुन्छ। अन्य देशहरू चामल मिलमा, काटेको धान सुकाउन ड्राएर मेसिनको प्रयोग गरेको पाइन्छ। त्यस्तै प्रविधि नेपालमा पनि अपनाउन सकेमा पाकिसकेको धानले बर्षका कारण क्षती ब्यहर्नु पर्थेन।

त्यस्तै, सिचाई सुबिधा नपुगेका ठाउमा सुख्खा धान खेति प्रविधि अर्थात् डाइरेक्कट ड्रआइ सीडेड तरिकाबाट पनि खेति गर्न सकिन्छ। यस प्रविधिमा थोरै पानी चाहिने, बेर्ना सार्नु नपर्ने भएकाले खेताला कम लाग्ने, थोरै खर्चमा काम हुने फाइदासंगै वातावरनिय हिसाबले समेत उपयुक्त मानिन्छ। हिलाम्मे गर्दा हानीकारक मिथेन ग्यास निस्किने र जमिन कडा बन्ने समस्यालाई यस प्रविधिले सजिलै निराकरण गरिदिन्छ।

चाडो हुर्किने र चाडो पाक्ने जातहरु यस प्रविधिका लागि उपयुक्त मनिन्छन, जस्तै हर्दिनाथ १, सुख्खा १, सुख्खा २, सुख्खा ३, तरहरा १, राम धान, सावित्री, सम्बा सुब, सोना मसुली, गोरखनाथ, राजा, लोकनाथ ५०५ जातहरु तराई र भित्रि तराईका लागि उपयुक्त छन् भने खुमाल ८, खुमाल ४, खुमाल १० मध्य पहाडी भेगका लागि उपयुक्त छन् ।धानलाई प्रस्शत मात्रामा मल दिनु पर्दछ। प्रांगारिक मल ६ मेट्रिक टन प्रति हेक्टर र १०० सृ ३० सृ ३० किलोग्राम नाइट्रोजन, फोसफोरस र पोटाश प्रति हेक्टर सिफारिस गरिएको छ। रोपाइँ गरिने मुख्य खेतमा अन्य मलका साथै प्रशस्त कम्पोष्ट मल वा ढैंचाजस्तो हरियोमल प्रयोग गरेर दिगो रूपमा माटोको स्वास्थ्य कायम गरि धानको उत्पादन बढाउन सकिन्छ।

धानबालीमा टपड्रेस गरेको युरियाबाट ६० देखि ७० प्रतिशत नाइट्रोजन चुहिएर, बगेर, उडेर जाने हुनाले एकीकृत पोषकतत्व व्यवस्थापनका लागि जोड दिइनुपर्छ। जीङ्क् तत्वको कमि प्रायः पुरै देश भरि नै देखिन्छ। यस तत्वको कमीले इन्टर भएनल कोलोरोसीस, अर्थात् पातको नसाहरु पहेलिने, पातको आकार सानो हुने, खैरो रंगको पात हुने जस्ता लक्षण विरुवामा देखिन्छन। त्यही भएर सिफारिस गरिएका मल संगै २५(३० किलोग्राम जीङ्क् सल्फेट धान रोप्नु भन्दा आघि हाल्नले खैरा रोगबाट जोगिन सकिन्छ। त्यस्तै अजोल्ला, अजोस्प्रिल्लुम, स्यूडोमोनस फ्लुरोस्सेन्स जस्ता जैविक मल को प्रयोग गरि उत्पादन बढाउन सकिन्छ।

उचित प्रविधि, शिक्षा र नया धानको जातहरु उपलब्ध भएसंगै नेपालमा चैते, वर्षे, हिउँदे (बोरो) गरी वर्षैभरि धानखेती गर्न सकिने सम्भावना छ। ७५ मध्ये नेपालको ७३ जिल्लामा धानखेती हुने गरेको भए तापनि चामलमा बढ्दै गएको परनिर्भरताले धानखेतिमा अहिलेसम्म गरिएका प्रयासहरु अपर्याप्त रहेको जनाउदछन्।

चालु आर्थिक वर्षको आघिल्लो नौ महिनामा मात्रै १८ अर्ब ५० करोड बरावरको चामल आयात गरिएको व्यापार तथा निकास प्रबर्धन केन्द्रले जनाएको छ। यो संख्या गत वर्ष नौ महिनाको अवधिभन्दा १ अर्ब ९४ करोडले बढी हो।

मुख्य बाली धानलाई कृषि भावी आयोजन (अग्रीकल्चर प्रोस्पेकटिभ प्लान( बएए), जस्ता ठुला परियोजनाले मुख्य केन्द्रमा राखे तापनि धानले सोचे अनुसारको गति पाउन सकेन। हाल चली रहेको प्रधानमन्त्रि कृषि आधुनिकरण परियोजनाले समेत धानलाई विशेष प्राथमिकतामा राखेको छ। उचित परिणाममा धान उत्पादनमा बृदि गरि नेपाललाई धानमा २०१७र१८ वर्षभित्रमा आत्मनिर्भर बनाउन अघी सरेको प्रधानमन्त्रि कृषि आधुनिकरण परियोजनाले कृषकहरुलाई आधुनिक प्रविधिसम्वन्धि जानकार गराउदै आफ्नो सुपर जोन तथा जोन धारणालाई देशभर अघि बढाइ रहेको छ।

झापालाई धानको सुपरजोन र बर्दिया, कन्चनपुर, सर्लाही, कपिलवस्तु र प्युठानलाई चाही जोन भनी घोषणा गरेको छ। यो परियोजना अन्तर्गत जोन अथवा सुपर जोन क्षेत्रका किसानहरुलाई आधुनिक उपकरणहरु खरिद गर्न ८५५ सम्म अनुदान प्रदान गने भनिएको छ। भर्खरमात्र आरम्भभएको प्रधानमन्त्रि कृषि आधुनिकरण परियोजना आफ्नो लक्ष्यमा पुग्न कतिको सम्म सक्ष्यम् हुन्छ भन्ने कुरा हेर्न बाकी छ।

नेपालको अर्थतन्त्रमा असर पर्ने र सबै भन्दा बढी खपत हुने मुख्य खाध्य बाली धानले पुर्याइरहेको देनलाई मध्यनजर राखी, हामीले धानबालीलाई के-कस्तो प्राथमिकता दिएको छौं, सोको मूल्यांकन गर्नु आवश्यक देखिन्छ। विकसित देशहरुमा खेती गने किसानलाई मल, बीउ, सिँचाईमा अनुदान र कृषि बीमाको व्यवस्था हुन्छ ।नेपालमा अनुदान व्यवस्था भए तापनी, लक्षित कृषकहरुले त्यस्को सहि उपभोग गर्न सकेका छैनन्। त्यस्तै विकसित देशमा सरकारले कुनैपनि अन्न रोप्नु भन्दा पहिले नै अन्नको न्युनतम खरिददर तोकिदिएको हुन्छ।

त्योभन्दा कम मूल्यमा बेच्नुपने अवस्था आएमा किसानको अन्न सरकारले किनिदिने भएकाले कृषि पेसा आकर्षित भएको छ। तर सरकारले खाध्यान्नको उचित मुल्य तोक्न नसकेका कारण कम मुल्यमा उत्पादन बेच्न बाध्य भएका किसानहरुका लागि उचित कार्यक्रमहरु कार्यन्वयन गर्न सके मात्र देश आत्मनिर्भरतातर्फको एक खुड्किलो चढ्ने थियो। ■

जानकारी

# डेंगुको उपचारमा मेवाको पातको रस

**बुटवल-** डेंगुको उपचारमा मेवाको पातको रस अहिले डेंगुको महामरी देशभर नै छ। तीन महिनायता चार हजार बढी मानिस यसबाट प्रभावित भइसकेका छन्। डेंगु एक प्रकारको ज्वरो हो। यो लामखुट्टेको टोकाइबाट सर्ने संक्रामक रोग हो। डेंगुको भाइरसद्वारा संक्रमित 'एडिस एजिप्टाई' जातको पोथी लामखुट्टेले यो रोग सार्छ। यो रोग सार्ने लामखुट्टे ग्रामीण क्षेत्रभन्दा शहरी क्षेत्रमा बढी पाइन्छ।



डा. मनोज ढकाल
योग तथा प्राकृतिक चिकित्सक

डेंगु ज्वरोको मुख्य लक्षण एक्कासी उच्च ज्वरो आउनु। यो ज्वरो पाँचदेखि सात दिनसम्म रहन सक्छ। ज्वरोका साथै यी लक्षणहरू पनि देखा पर्छन्, असाध्यै टाउको दुख्ने, आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने,ढाड र जोर्नी तथा मांसापेशी दुख्ने, शरीरमा बिमिरा आउने, वाकवाकी लाग्ने, पेट दुख्ने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने वा शरीरमा रगत जमेको दागहरू देखापर्ने, बेहोश हुने आदि लक्षणहरू पनि देखा पर्न सक्छ।

### मेवाको पातको रसद्वारा उपचार

मेवाको पातको रसको फाइदाकोबारेमा ब्रिटिस मेडिकल जर्नलका विभिन्न जर्नलले प्रमाणित गरिसकेको छ। मेवाको पातको रस डेंगुको उपचारका लागि निकै लाभदायक मानिन्छ। यसको केही मात्रा सेवनले यो रोगमा धेरै फाइदा पुग्छ।

यसले ज्वरोको अवधि घटाएर सेतो रक्तकोषका साथै 'प्लेटलेट' बढाउँछ। प्रतिरोधात्मक शक्ति बढाउँछ। डेंगु ज्वरोसँगै एन एस १ अन्टिजिन डाइग्नोसिस भएको दिनबाटै एलोपेथिक औषधिसँगै यसको प्रयोग गर्न पनि सकिन्छ। मेवाको पातको रसले मात्र पनि धेरै फाइदा पुग्छ।

### कसरी बनाउने?

ताजा ५० ग्राम मेवाको पात लिएर सफा पानीले पखाल्ने।

उमालेको चिसो ५० मिलिलिटर पानीमा मिलाएर मिक्सरमा पिस्ने।

डल्लो बनाएर ३० मिनेट राख्ने राख्ने

हत्केलाले निचोरेर रस निकाल्ने अनि प्रयोग गर्ने

यसलाई फ्रिजमा राख्दा २४ घण्टासम्म प्रयोग गर्न सकिन्छ।

यसको मात्रा बच्चालाई ५ देखि १० मिलिलिटर ३ पटक (खाना खानुअघि) दिनुपर्छ। वयस्क व्यक्तिले ३ पटक ३० मिलिलिटरका दरले तीनपटक लिन सक्छन्।रोग लागेर उपचारमा लाग्नुभन्दा रोग लाग्नै नदिनु बुद्धिमानी हो। डेंगुबाट बच्न यस्ता सावधानी अपनाउनु पर्छ।

### डेंगुबाट बच्ने उपाय

घर वरिपरी जथाभावी पानी जम्मा हुन नदिने

घरआँगनका खाडलहरू पुर्ने

पानी राख्ने भाँडा राम्रोसँग छोपेर राख्ने

सुत्ने वेला झुल प्रयोग गर्ने

घरका झ्यालढोकामा जाली लगाउने

नरिवल, भटमास, निम वा लेभेण्डर तेल शरीरका खुला भागमा लगाउने गर्नाले पनि लामखुट्टे, उडुस र उपियाँ जस्ता किटाणुले टोक्न सक्दैनन्। ■

# आलुको बोक्राबाट ठुलो रोगको औषधी



आलु यस्तो तरकारी हो जुन लगभग सबैजसो तरकारीमा मिसाउने गरिन्छ। धेरैले आलु ताछेर पकाउँछन् तर धेरैलाई थाहा छैन कि फ्याँकिने आलुको बोक्रा विभिन्न पोषक तत्वले भरिपूर्ण हुन्छ।

**स्वास्थ्यमात्र होइन सौन्दर्यका लागि पनि काम लाग्छ आलुको बोक्रा:**

आलुको बोक्रामा क्याल्शियम, भिटामिन सी र बी कम्प्लेक्सका साथै आइरनको मात्रा पनि अत्यधिक हुन्छ। यसैकारण यसले शरीरमा विभिन्न कमीको पूर्ती गर्छ। यो सौन्दर्य निखार्नका लागि पनि निकै काम लाग्छ। डार्क सर्कलदेखि कपाललाई कलर गर्ने सम्मका कामका लागि आलुको बोक्राको प्रयोग हुन्छ। अब आलुको बोक्रालाई फ्याँक्न बन्द गर्नुहोस् र यसरी उपयोग गर्नुहोस्।

**१.रक्तचाप नियन्त्रणमा राख्छ:**

आलुमा पोटाशियम अत्यधिक मात्रामा पाइन्छ र यो भिटामिन सीले पनि भरिपूर्ण हुन्छ। यी दुबै रक्तचाप नियन्त्रण गर्न महत्वपूर्ण हुन्छ। आलुको बोक्रालाई राम्रोसँग धोएर यसलाई सब्जीजस्तै बनाएर खानुहोस् वा आलु पकाउँदा कहिल्यै पनि बोक्रा ताछ्ने गल्ती नगर्नुहोस्।

**२.तौल नियन्त्रणमा रहन्छ:**

आलुको बोक्रा फाइबरयुक्त हुन्छ र जब यो बोक्रासहित बनाइन्छ तब शरीरले कार्बोहाइड्रेटमात्र नभई फाइबर पनि पाउँछ। यसको बोक्रालाई तपाईं कुनै पनि रूपमा प्रयोग गर्न सक्नुहुन्छ। फाइबरले लामो समयसम्म पेट भरिएको महसुस गराउँछ र यसले मेटाबोलिजम रेटलाई पनि बढाउन सहयोगी भूमिका खेल्छ। यो खाँदा नसा पनि बलियो हुन्छ।

**३.रक्तअल्पतामा पनि फाइदाजनक:**

आलुको बोक्रामा आइरनको अत्यधिक मात्रा पाइन्छ र यसैकारण यदि रगतको कमी छ भने आलुको बोक्रालाई खानामा पक्कै पनि प्रयोग गर्नुपर्छ।

**४. ऊर्जाले भरिएको हुन्छ:**

आलुको बोक्रामा क्याल्शियम र भिटामिन कम्प्लेक्स अत्यधिक मात्रामा पाइन्छ। यसले ह•ी बलियो बनाउँछ र शरीरले ऊर्जा पनि पाउँछ। आलु पकाउँदा जहिल्यै पनि बोक्रासहित बनाउनुहोस्।

**५. पाचन क्रिया बलियो बनाउँछ:**

आलुमा अत्यधिक फाइबर हुन्छ त्यसैले यसले पाचन क्रियालाई चुस्त राख्न सहयोग गर्छन। यसमा फाइबर अत्यधिक मात्रा भएकाले कब्जियत आदिबाट पनि जोगाउँछ।

**६.कपाललाई कालो बनाउँछ:**

यदि तपाईंको कपाल फुलिरहेको छ भने तपाईं एक कचौरा आलुको बोक्रालाई आधा लिटर पानीमा उमाल्नुहोस्। जब पानी एक वा दुई चम्चा हुन्छ तब यसलाई कपालमा लगाउनुहोस्। पटकपटक यस्तो गर्दा तपाईंको कपाल कालो हुँदै जान्छ।

**७. डार्क सर्कललाई टाढै राख्छ:**

आँखा मुनी यदि कालो घेरा बनेको छ वा घामले छाला ढडेको छ भने आलुको बोक्रलाई पिनेर त्यसको रस निकालेर अनुहारमा बारम्बार लगाउनुहोस्। कालोपना बिस्तारै कम हुँदै जान्छ। ■

जिल्ला प्रशासन कार्यालय रूपन्देही दर्ता नम्बर :- १८६-२०७५/०७६
जिल्ला हुलाक कार्यालय रुपन्देही दर्ता नं:-४४-२०७५/०७६
कृषिपत्र

# दाङमा व्यवसायिक कृषिमा आर्कषण, कामदार पाउन कठिन

**बसन्त पौडेल**
दाङ




घोराही उपमहानगरपालिका-१८ का सुवास गौतमले घोराही उपमहानगरपालिका-१० नारायणपुर चरकबगियामा दुई वर्षदेखि व्यवसायीक तरकारी खेती गर्दै आएका छन् । करिब दश बिगाह क्षेत्रफल जमिन लिजमा ल्याएर व्यवसायीयक तरकारी खेती गर्दै आएका गौतमलाई तरकारी खेती उत्पादनका लागि दैनिक सरदर ४ देखि ६ जना श्रमिक आवश्यक पर्छ तर कुनै समय श्रमिक नपाउँदा निकै समस्या भोग्नु पर्छ। 'युवा जति विदेशमा छन्,स्वदेशमा भएका युवा पनि अन्य व्यवसायमा लागेका छन्, कृर्षिमा त श्रमिक पाउन निकै समस्या छ' उहाँले भन्नुभयो -'व्यवसायिक तरकारी खेति गर्न थालेको करिब २ वर्ष बढी भयो , धरै नै श्रमिक आवश्यक पर्छ तर भनेजति कामदार पाउन नसक्दा सोचेजस्तो तरकारी खेति फस्टाउन सकेको छैन् ।'

तरकारी खेतीबाट वार्षिक १० लाख सम्म आम्दानी गर्ने गेरका गौतमले पर्याप्त श्रमिक पाए अझ आम्दानी बढाउन सक्ने बताए। कामदारको अभावकै कारण उत्पादनमा पनि कमि आउने गरेको गौतमको अनुभव छ। ' शुरुमा तरकारी लगाउने समयमा र पछि उत्पादन शुरु भएपछि कामदारको अभाव हुने गरेको छ' उनले भने-' अरू समयमा खासै समस्या हुने गरेको छैन्, पुरुष कामदार त पाउँदै पाउँदैन् महिला कामदार पाइन्छ , उहाँहरूको पनि अभाव नै देखिन्छ। तरकारी उत्पादनका लागि कुनै समय ३० जना सम्म कामदार आवश्यक पर्ने गरी भने अनुसारको श्रमिक पाउन नसकेको गौतमले बताउनुभयो। 'श्रमिकलाई दैनिक ४ सयदेखि ५ सय सम्म दिने गरेको छु , अहिले चलेको पारिश्रमिक दिँदा पनि कामदार पाउन कठिन छ ' उनले भने-' युवाहरूलाई अझै पनि स्वदेशमा रोक्न नसक्नु हामी सबैका लागि दुखद कुरा हो ।'

यस्तै तुलसीपुर उपमहानगरपालिका-८ टिकरीका नरनारायण खत्रीले पनि व्यवसायीक रूपमा भैसीपालन थालेको लामो समय भयो। एउटा भैसीपालनबाट शुरुवात गरेका खत्रि दम्पतिका भैसी अहिले ३५ भन्दा बढी भइसकेका छन् । एक हुँदै क्रमश भैसीको संख्या बढ्दै गएपछि श्रमिको आवश्यकता पर्‍यो तर भैसीको स्याहार–सुसार गर्नका लागि श्रमिको अभाव अहिले पनि छ। ठुलो संख्यामा भैँसी हुँदा पनि खत्री दम्पति एक्लैले व्यवसायलाई निरन्तरता दिएका छन् । 'काम गर्नका लागि हामीकहाँ धेरै जना आउनुभयो तर भैसीको मल सोहर्ने भनेपछि नाक गिज्याउँदै फर्किनुहुन्छ, बरु विदेश नै जाने भन्दै कामदार फर्किनुहुन्छ' श्रीमती गिता खत्रीले बताउनुभयो ।

भैसीपालन फममा विभिन्न समयमा कामदार माग गर्ने गरेपनि नपाएपछि एक्लैले धान्दै आएको खत्रि दम्पति बताउँछन् । ' हामी दम्पतिले नै धानेका छौँ, सम्पति बढ्दै छ, कामहरू पनि बढ्दै छ, अहिले सम्म जसोतसो काम चलाएपनि पछि समस्या हुन्छ की भन्ने चिन्ता छ' खत्रिले भनिन्- ' छोराहरू काठ्माण्डौमा पढ्छन्, कहिलेकाँही घरमा आएभने निकै राहत महशुस गछौँ, सुस्तिने मौका पाइन्छ, नत्र भने त काम गर्न निकै गाह्रो छ।' यि दुई प्रतिनीधिमूलक पात्र मात्र हुन् ।

जिल्लामा पछिल्लो समय कृषि तथा पशुपालनमा व्यवसायीक रूप लिएपनि ठुला फम तथा व्यवसायका लागि चाहिने श्रमिकको भने अभाव हुने गरेको छ। परम्परागत कृषि तथा पशुपालन भन्दा पनि व्यवसायीक रूपमा कृषि तथा पशुपालनमा श्रमिको अभाव हुने गरेको व्यवसायीले बताएका छन् । सरकारले कृषि तथा पशुपालन क्षेत्रमा आर्कषण बढाउन विभिन्न योजना ल्याएपनि काम गर्ने श्रमिकको भने समस्या बेहोर्नुपरेको छ ।

कृषि क्षेत्रमा श्रमिकको अभाव हुने गरेपनि युवाहरू किन काम गर्न रुचि गर्दैनन् भन्ने कुराको खोजि हुने गरेको छैन् । श्रम अनुसारको पारिश्रमिक नपाएर र कामलाई दर्जाको रूपमा राख्दा यो समस्याको देखिने गरेको कृषि विज्ञ केन्द्र दाङका प्रमुख कृष्णबहादुर बस्नेतले बताउनुभयो । 'कृषि क्षेत्रमा काम गर्ने श्रमिकको लागि सरकारले छुट्टै योजना ल्याउनुपर्छ र श्रमको सम्मान गर्ने बातावरण निर्माण गर्नुपर्छ ' उहाँले भने-'कृषि क्षेत्रमा काम गर्ने श्रमिकले अहिले पनि अपमानित महशुस गर्ने वातावरण छ भने ज्यालामा पनि कमि हुँदा यो समस्या देखिएको हो ।' ■

# स्याङ्जामा भदौमै पाके सुन्तला



**भवानी अधिकारी**
स्याङ्जा

सामान्यतस् सुन्तला मंसिरमा मात्र पाक्छ। तर, स्याङ्जामा भने भदौमै सुन्तला पाकेर पहेँलै भएका छन्। सुन्तलाका लागि उर्वर मानिएको स्याङजाका केही किसानले भदौमै पाकेर खान मिल्ने सुन्तला फलाएका छन्। पुतलीबजार नगरपालिका र अर्जुनचौपारी गाउँपालिकाका केही किसानले यस्ता सुन्तला बगैंचा र गमलामै फलाएका हुन्।

बोटमै पाकेका जापानी उन्सु र धनकुटाको खोकु जातका सुन्तला स्याङ् जामा फलाइएका छन्। यहाँ तीजका लागि बगैंचामा सुन्तला पाकेका छन। यी सुन्तला भाउ पनि राम्रो छ। प्रधानमन्त्री सुन्तला परियोजना लागु भएपछि स्याङ्जामा साउनदेखि फागुनसम्मै बोटबाटै सुन्तला खान पाइने भएको छ।

सुन्तला लगाउनका लागि जग्गा जमिन छैंन भनेर पनि चिन्ता लिनु नपर्ने भएको छ। घरको बरण्डा र आगनको प्रयोग गर्न सकिन्छ। अहिले फल्ने सुन्तला त गमलामै पनि रोप्न सकिन्छ। गमला, बाल्टी, ड्रम र बोरामा समेत रोप्न सकिने बोधराज अर्याल बताउँछन्।

यहाँ तीजका लागि बगैंचामा सुन्तला पाकेका छन। यी सुन्तला भाउ पनि राम्रो छ। प्रधानमन्त्री सुन्तला परियोजना लागु भएपछि स्याङ्जामा साउनदेखि फागुनसम्मै बोटबाटै सुन्तला खान पाइने भएको छ।

पुतलीबजार नगरपालिका १० थाराका कृष्णप्रसाद अर्याल र ११ का मायाटारीका बोधराज अर्याल, रामबन्धु अर्याल, अर्जुनचौपारी गाउँपालिकाका फणिनारायण अर्यालले भने ४/५ महिना बाहेक वर्षभरी नै यसरी बोटकै ताजा सुन्तला खाने थालेको एक दशकभन्दा बढी भएको छ।

भदौमा पाक्ने जापानी/अष्ट्रेलियन जातको उन्सु सुन्तला र असोजमा पाक्ने धनकुटाको स्थानीय जातको खोकु सुन्तला पहेला भएका छन्। भदौमै खान सकिने उन्सु जातका सुन्तलाका दाना ठूल्ठूला र रसिला हुन्छन्। सुन्तलाका लागि उर्वर मानिएको स्याङजामा वर्षको ८ महिना नै बोटबाटै टिपेर ताजा सुन्तला खान सक्नेगरी किसानहरू सुन्तला खेतीमा जुटेको बोधराज अर्याल बताउछन्।

# नेपाल लाईभस्टक इनोभेसन आयोजनाको अन्तरक्रिया




**कृषि पत्र संवाददाता**
बुटवल

नेपाल लाईभस्टक सेक्टर ईनोभेषसन आयोजना कार्यान्वयन एकाई बुटवलको आयोजनामा कलष्टर स्तरियक अन्तरक्रिया कार्यक्रम बुटवलमा सम्पन्न भएको छ। विभिन्न सरोकारवाला व्याक्तिहरूको सहभागीतामा भएको कार्यक्रममा परियोजना ईकाई बुटवलका प्रमुख डा. विश्व त्रिपाठीले आयोजनाको विषयमा विस्तृत जानकारी प्रस्तुतीकरण गरेका थिए।

उनले माघ ७ २०७४ सालमा सम्झौता भई २०७४ फागुन १६ गते देखि आयोजना कार्यान्वयनमा आएको जानकारी दिए। असार १५ २०८० सालमा परियोजना समाप्त हुने छ। विश्व बैंक, नेपाल सरकार, लाभदायी ग्राही, वित्तीय संस्थाहरूको संयुक्त लगानीमा खासगरी पशु पालन र दुधको क्षेत्रमा परियोजनाले काम गर्ने डा. त्रिपाठीले जानकारी दिए।

नेपालका कुल २८ वटा जिल्लाका २ सय ९० वटा स्थानिय तहमा परियोजना सञ्चालन हुने गरी ४ वटा आयोजना व्यवस्थापन ईकाई स्थापना गरिएका छन् । जस अनुसार बुटवलमा रहेको कार्यालय एउटा विकेन्द्रीकृत सहयोग ईकाई हो ।

कार्यक्रममा बोल्दै नेपाल लाइभ स्टक सेक्टर इनोभेसन आयोजना सहयोग ईकाई बुटवलका सुचना अधिकारी तथा पशु चिकित्सक लोकराज भुषालले प्रदेश ५ का रूपन्देही, परासी, गुल्मी, पाल्पा, बर्दिया, अर्घाखाँची र कपिलवस्तु जिल्लामा परियोजना लागू भएको जानकारी दिए।

आयोजनाको उदेश्य माथि प्रकाश पार्दै बरिष्ठ अर्थ विज्ञ डा. शुसिल खड्काले पशुबस्तुहरूको उत्पादकत्व वृद्धि, पशुजन्य उत्पादनहरूको मुल्य अभिवृद्धि तथा साना पशुपालक कृषक तथा पशुबस्तु विशेष मुल्य सृङखलामा आधारित उद्यमहरूको जलयबायु अनुकुल क्षमता सुधार गर्ने रहेको जानकारी दिए।

यो आयोजनामा नेपाल भरका कुल २८ वटा जिल्लामा ६ बर्षमा कुल १ सय १५ मिलियन अमेरिकी डलर खर्चहुने अनुमान गरिएको छ।

कार्यक्रममा भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश ५ का पशु विकास महाशाखा प्रमुख डा. प्रदिप शर्मा पौडेल, किसानका लागि उन्नत विउ विजन कार्यक्रम बुटवलका डेपुटी प्रोग्राम मेनेजर तुलसीराम भण्डारी, लगायत आयोजना कार्यान्वयन भएका जिल्लाका पशुपालक किसानहरू, दुग्ध उत्पादक किसानहरू, लगायतका विभिन्न सरोकारवाला किसानहरूको सहभागीता रहेको थियो। ■

# विदेशबाट फर्केर सामूहिक तरकारी खेती

**बाग्लुङ ।** सत्र वर्ष साउदी अरबमा कृषि क्षेत्रमा काम गरेर स्वदेश फकर्नुभएका बागलुङ जिल्लाको गलकोट नगरपालिका-११ गिरौदीका जीतबहादुर रानामगर विदेश बसाइँबाट सन्तुष्ट भएनन् । त्यहाँ बस्दा कृषिको अनुभव सङ्गाल्नुभएका उहाँ विगत आठ वर्षदेखि वृहतरूपमा तरकारी खेती गर्दै आइरहेका छन् ।

अहिले गलकोट तथा वडिगाड क्षेत्रको सफल तरकारी किसानको रूपमा परिचय बनाएका कृषक रानामगरलाई साउदी बसेरै स्वदेश फर्केका सोही स्थानका रामप्रसाद पुन र अर्का शेरबहादुर श्रीसले साथ दिए। ती तीनै जनाले सामूहिकरूपमा मिलिजुली कृषि फार्म खोलेर तरकारी खेती सुरु गरेका हुन् ।

वार्षिक रु ४५ हजार तिर्ने गरी १८ रोपनी जग्गा भाडामा लिएर गरिएको तरकारी खेतीबाट अहिले मनग्य आम्दानी हुन थालेको छ।ँतरकारी बेचेर कमाएको शुरुको आम्दानीले लगानी थप्नै ठिक्क भयो', कृषक रानामगरले भने,ँखेती गर्न थालेको आठ वर्षपछि बल्ल बचत गर्न थालेका छौँ। गिरौदे खोलामा १२ रोपनी र बडिगाड गाउँपालिका-२ खर्वाङमा छ रोपनी जग्गा भाडामा लिएर अहिले हाइटेक प्रविधिको १२ टनेलमा टमाटर, सिमी, घिरौँलो, काँक्रो, सागलगायत अन्य बेमौसमी तरकारी फलाइएका छन् । हालसम्म तरकारी खेतीमा रु ४० लाख लगानी भइसकेको उनले बताए।

परम्परागत प्रविधिभन्दा हाइटेक प्रविधिमा दोब्बरले नाफा गर्न सकिने कृषक रानामगरको अनुभव छ। हाइटेक प्रविधिको टनेल निकै खर्चिलो भए पनि दिर्घकालीनरूपमा आम्दानी गर्न निकै सहज भएको अर्का कृषक रामप्रसाद पुनले बताए। हालसम्म झण्डै रु ४० लाख लगानी गरिसकेका उनले अबको आम्दानी पूरै बचत हुने जानकारी दिए। रानामगरले भने तरकारीमा आवश्यक मलका लागि कुखुरा, बाख्रा तथा बङ्गुरसमेत पाल्दै आएका छन् ।

अहिले सामूहिकरूपमा गरिएको तरकारी खेतीबाट वार्षिकरूपमा २० लाख रूपैयाँ आम्दानी गर्ने गरेको अर्का सहकर्मी श्रीसले बताए।ँहामीले दुई जनालाई रोजगारीसमेत प्रदान गरेका छौँ, आवश्यकताअनुसार अन्य कामदारसमेत ज्यालादारीमा लिन्छौँ, उनले भने,ँसबै खर्च कटाउँदा १५ लाख रूपैयाँ बचत हुन्छ, त्यो तीन जनालाई बाँड्छौँ। गिरौदीको तरकारी खेतीमा सोझै सिँचाइ कुलोको पानी थोपा सिँचाइमार्फत प्रयोग गरिँदै आएको र खर्वाङको तरकारी खेतीमा पम्पको सहायताले बडिगाड खोलाको पानी ल्याएर प्रयोग गरिँदै आएको कृषक श्रीसले जानकारी दिए। उत्पादन भएको तरकारी गलकोट, खर्वाङ तथा नजिकै रहेको गुल्मीको मुसिकोट नगरपालिकाभित्रै खपत हुँदै आएको छ।हालसम्म प्याक्ट कार्यक्रममार्फत रु १० लाख र बडिगाड गाउँपालिकाबाट केही रकम अनुदान प्राप्त गरे पनि प्राविधिकरूपमा कसैबाट सहयोग नपाएको कृषक रानामगरले बताए।■

# दशैंमा खसीको मासु प्रतिकेजी १५०० भन्दा माथि पुग्ने

**काठमाडौं-** सरकारले औपचारिक घोषणा विनै खसीबोका आयातमा कडाइ गरेपछि दशैंमा मासु महँगो हुने भएको छ। वसायीहरूका अनुसार दशैंमा खसीको तयारी मासु प्रतिकेजी रू १५०० भन्दा माथि पुग्न सक्नेछ। हाल काठमाडौं उपत्यकामा दैनिक १ हजार २०० खसी बोकाको माग छ, जसको ४० प्रतिशत अंश भारतीय आयातबाट धानिएको छ।

केही समय यता सरकारले भारतबाट आयात हुने खसीबोकाको आयातमा कडाइ गरिरहेको छ। चौपाया खरीद विक्री संघका अनुसार दशैं तिहारको समयमा उपत्यकामा मात्रै करीब ५० हजार खसीबोकाको माग हुन्छ। उक्त मागलाई धान्न सक्ने गरी स्वदेशमा खसीबोकाको उत्पादन हुन थालेको छैन।

सरकारी कडाइले गर्दा दशैंमा भारतबाट लुकिछिपी खसीबोका ल्याइने र मासुको मूल्य बढ्ने सम्भावना रहेको संघका संरक्षक दीपक थापाले बताए। उनका अनुसार हाल व्यवसायीहरूले भारतबाट लुकिछिपी खसीबोका ल्याएर नेपालका भन्दै बेचिरहेका छन्। यसले गर्दा दशैंमा जिउँदो खसीको मूल्य प्रतिकिलो रू ८०० र तयारी मासु प्रतिकेजी रू १५०० भन्दा माथिसम्म पुग्न सक्ने थापाले बताए। हाल उपत्यकामा जिउँदो खसीको मासु प्रतिकेजी रू ६०० र तयारी मासु प्रतिकेजी रू १३०० छ।

खसीबोका व्यवसायी रामबहादुर कार्की आयातमा कडाइ गरिएकाले नेपाली कृषकलाई फाइदा हुने बताउँछन्। उनले भने, 'स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्नकै लागि सरकारले खसीबोका आयातमा कडाइ गरेको हो।' ■

